राष्ट्रपति उम्मेदवारका रूपमा ह्यारिसलाई पार्टीबाट... पृष्ठ ६ मा

जनकपुर टुडेको सम्पर्क नं. ९८५४०२६०२५, ९८०१६२६०२६, ०४१-५९११०१ विज्ञापनको लागि मात्र jtodaynews@gmail.com

छिटो र सर्वाधिक बिक्री हुने

मधेशको पहिलो 'क' वर्गको राष्ट्रिय दैनिक

# जनकपुर टुडे

Janakpur Today Daily

www.ejanakpurtoday.com





वर्ष २६ • अंक ८० • २०८१ साल साउन २३ गते बुधबार (7 August, Wednesday, 2024) • पृष्ठ ८ • मूल्य रु. ५।-


## मधेशमा जम्बो मन्त्रीमण्डल: १२ मन्त्रालय, २० मन्त्री



**टुडे समाचारदाता**

जनकपुरधाम । मधेश प्रदेशमा १२ मन्त्रालयमा २० मन्त्री पुऱ्याइ मन्त्रीमण्डललाई पूर्णता दिइएको छ ।

मुख्यमन्त्री सतीशकुमार सिंहले मन्त्रीमण्डलमा पाँचजनालाई थप गरी २० सदस्यीय बनाएका छन् । १२ मन्त्रालय रहेको मधेश प्रदेश सरकारमा यसअघि जनमत पार्टीबाट मुख्यमन्त्रीसहित दुई तथा एक राज्यमन्त्री, नेपाली कांग्रेसबाट चार मन्त्री र नेकपा एमालेबाट चार मन्त्री तथा दुई राज्यमन्त्री सहभागी थिए ।

तर मुख्यमन्त्री सिंहले मंगलबार पुनः काँग्रेसबाट दुई जना, एमालेबाट एक जना, जनमत पार्टीबाट एक जना र लोसपा नेपालबाट एक जना गरी थप पाँच जना राज्यमन्त्री नियुक्त गरेका छन् ।

ऊर्जा तथा खानेपानी राज्यमन्त्रीमा निलमकुमारी रजक, सहकारी राज्यमन्त्रीमा रेखा ठाकुर, भौतिक पूर्वाधार राज्यमन्त्रीमा मोहम्मद जैद आलम, शिक्षा तथा संस्कृति राज्यमन्त्रीमा रामबाबु यादव र उद्योग तथा पर्यटन राज्यमन्त्रीमा शम्भुप्रसाद शाहलाई नियुक्त गरिएको छ ।

नवनियुक्त राज्यमन्त्रीहरुले एक समारोहबीच शपथग्रहण गरेका थिए ।

सात वटै प्रदेशमध्ये मधेश प्रदेशमा पहिलो पटक जम्बो मन्त्रीमण्डल विस्तार गरिएको छ ।

बिहान प्रधानमन्त्री केपी शर्मा ओलीसँग भेटघाट गरी मधेशमा थप राज्यमन्त्री नियुक्त गरी मन्त्रीमण्डल विस्तार गरेको छ ।

### सीमलताल दुर्घटना प्रतिवेदन

## चालक र सुरक्षानिकाय दोषी, ज्यान गुमाउनेलाई दुई लाख राहत

**टुडे समाचारदाता**

काठमाण्डु । चितवनको सीमलतालमा तीन साताअघि भएको बस दुर्घटनामा ज्यान गुमाएका र बेपत्ता भएकाको परिवारलाई राहतस्वरुप दुई लाख रुपैयाँ प्रदान गरिने भएको छ ।

सीमलताल दुर्घटनाबारे अध्ययन गर्न गठित कार्यदलले मंगलबार गृहमन्त्री रमेश लेखकलाई प्रतिवेदन बुझाउँदै सो सिफारिस गरिएको छ ।

सहसचिव छवि रिजाल नेतृत्वको कार्यदलले दुर्घटनास्थलको अनुगमन तथा अध्ययन, दुर्घटनामा भएका लापरवाही, सडक सुरक्षामा जोडिएका अन्य निकाय, दुर्घटना हुन नदिन अपनाउनुपर्ने सावधानी, मृत्यु भएका र घाइतेलाई दिने राहत एवं बीमालगायतका विषय समेटेर तयार पारिएको सो प्रतिवेदन मंगलबार कार्यदलले गृहमन्त्री रमेश लेखकलाई बुझाएको छ ।

गत असार २८ गते सिमलताल पहिरोमा लेदोले बगाउँदा दुईवटा यात्रुबाहक बस त्रिशूलीमा खसेर बेपत्ता भएको थियो । असार ३१ मा गृहमन्त्रीको शपथ लिएर कार्यभार सम्हालेलगत्तै रमेश लेखकले कार्यदल गठन गरेका थिए ।

गृहमन्त्री लेखकले प्रतिवेदन बुझ्दै कार्यदलको सिफारिस र सुझावलाई अक्षरशः पालना गर्ने र प्रतिवेदनले अन्य निकायको समेत ध्यानाकर्षण गराएकाले सम्बन्धित निकायमा पनि प्रतिवेदन कार्यान्वयनका लागि पठाइने बताए ।

गृहसचिव एकनारायण अर्यालले आगामी दिनमा सडकमा सवारीसाधनको कागजपत्र, यात्रुको विवरण र चालकको अवस्थाका बारेमा कडाइका साथ चेकजाँच हुने बताए ।



गत असार २८ गते बिहान काठमाण्डुबाट रौतहटको गौर गइरहेको गणपति डिलक्स र वीरगञ्जबाट काठमाण्डु आइरहेको एञ्जल डिलक्स बस सिमलतालमा बाढीसहित आएको लेदोले बगाएर त्रिशूली नदीमा खसेको थियो ।

दुवै बसमा सवार चालकदलका सदस्यसहित ६५ जना यात्रुमध्ये तीनजनाले हामफालेर ज्यान जोगाए पनि ६२ यात्रु भने बेपत्ता भएका थिए ।

नेपाली सेना, प्रहरी र सशस्त्र प्रहरीलगायतको सहयोगमा २४ वटा शव फेला परेको थियो । जसमध्ये १९ जनाको सनाखत भए पनि अन्यको हुन सकेको छैन । अन्य यात्रु र बस अझैसम्म बेपत्ता नै छन् ।

सो कार्यदलले सडक सुरक्षासम्बन्धी एकीकृत सुरक्षा प्रणाली विकास नभएकाले सडकको अवस्थाबारे सवारी चालक र सुरक्षा निकायले पूर्वानुमान गर्न नसक्दा दुर्घटना भएको प्रतिवेदनमा औंल्याएको छ ।

गत असार ८ गते नै सीमलतालमा थुनिएको कल्भर्ट समयमै सफा नगर्दा थप डेब्रिजका कारण बसलाई त्रिशूलीमा बगाएको कार्यदलको निष्कर्ष छ । सो कार्यदलले स्थानीय तहले सडक बनाउँदा निस्किएको माटो व्यवस्थापन नगरी भीरबाट फालिदिँदा थुप्रिएर बसेको र वर्षातका कारण तल बगाएर ल्याउँदा बसलाई धकेलेको प्रतिवेदनमा उल्लेख छ ।

सुरक्षाका दृष्टिकोणले निकै जोखिमपूर्ण मानिएको सीमलताल सडकमा ठूलो वर्षा भइरहेको र रातको समयमा सवारी चलाउँदा चालकले 'पहिला सुरक्षा' भन्ने मूल कुरामा ध्यान नदिई असावधानीपूर्ण चलाउँदा दुर्घटना भएको निष्कर्ष कार्यदलको छ ।

सो कार्यदलले सशस्त्र प्रहरी बल प्रधान कार्यालयको समेत ध्यानाकर्षण गराउँदै त्रिशूलीमा पानी सफा भएका बेला 'एयरब्रोन लेजर ब्याथिमेट्री सर्भे' गरी हराइरहेका सवारी साधन खोज्न नदीको पिँधको नक्सा तयार गर्न भनेको छ । त्यस्तै जल तथा मौसम विभागसँग समन्वय गरेर उच्च जोखिमपूर्ण स्थानमा जडान भएका 'अर्लि वार्निङ सिष्टम' बाट 'रियल टाइम डाटा' लिई समुदायलाई सचेत र पूर्वतयारीमा राख्न सशस्त्रलाई ध्यानाकर्षण गराउँदै सुझाव दिइएको छ ।

सो कार्यदलले ठूला विपदमा विशेष गरी प्रदेश सरकारले समेत आफ्नो जिम्मेवारी र जवाफदेहितालाई ख्याल गर्नुपर्ने स्मरण गराएको छ ।

प्रदेशले पनि सवारी साधनको 'भेइकल फिटनेस टेस्ट' को व्यवस्था गर्नुपर्ने, सवारीको प्राविधिक मापदण्ड, वातावरणीय अध्ययन तथा उचित इन्जिनीयरिङको आधारमा सडक निर्माण गर्न कार्यदलले प्रदेश सरकारको ध्यानाकर्षण गराएको छ ।

सो कार्यदलले त्रिशूलीमा बेपत्ता परिवारका सदस्यलाई जनही २ लाख रुपैयाँ राहत स्वरूप उपलब्ध गराउन सरकारलाई सिफारिस गरेको छ ।शव भेटिएका मृतकका परिवारलाई पनि २ लाख रुपैयाँ उपलब्ध गराउने र एकै परिवारका १ भन्दा बढी सदस्य बेपत्ता वा मृत्यु भएको अवस्थामा १ लाखभन्दा बढी रकम उपलब्ध गराउन पनि सरकारलाई सिफारिस गरेको छ ।


बीमामापत यात्रुले पाउने रकम सम्बन्धित स्थानीय प्रशासनको सिफारिशका आधारमा उपलब्ध गराउन भनिएको छ । कार्यदलका संयोजक रिजालले भने, 'हामीले बीमा कम्पनी र यातायात व्यवसायीसंग पनि यस विषयमा छलफल गरेका थियौं,' उनले अघि थप्दैं भने, 'स्थानीय प्रशासनको सिफारिसका आधारमा बीमा रकम उपलब्ध गराउने सहमति भएको छ ।'

सो दुर्घटनामा घाइते भएका तीनजनाको सरकारले निःशुल्क उपचार गराइदिन कार्यदलले सिफारिस गरेको छ ।

दुर्घटनामा परी बेपत्ता रहेका बसमा मधेश प्रदेशको सर्लाही, रौतहट, बारा र पर्सा एवं भारत विहारसमेतका यात्रुहरु सवार थिए ।







# लैङ्गिक समावेशीकरण सम्बन्धी अन्तर्राष्ट्रिय सम्मेलन काठमाडौँमा

ललितपुर । राष्ट्रिय मानव अधिकार संस्थामा लैङ्गिक समावेशीकरण सम्बन्धी एसिया प्रशान्त क्षेत्रका २६ देशका अन्तर ाष्ट्रिय सम्मेलन काठमाडौँमा हुने भएको छ ।

राष्ट्रिय मानव अधिकार आयोगले मंगलबार पत्रकार सम्मेलन गरी दिएको जानकारी अनुसार आयोगले राष्ट्रिय मानव अधिकार संस्थाको एसिया प्रशान्त मञ्चसँगको समन्वयमा आगामी भदौ १८ देखि २० गतेसम्म काठमाडौँमा अन्तर्राष्ट्रिय सम्मेलन गर्न लागेको हो ।



उक्त सम्मेलनमा नेपाल सरकार, राष्ट्रिय मानव अधिकार संस्थाको एशिया प्रशान्त मञ्चमा आबद्ध २६ देशका राष्ट्रिय मानव अधिकार संस्था, राष्ट्रिय मानव अधिकार संस्थाको एसिया प्रशान्तमञ्च, मानव अधिकार उच्चायुक्तको कार्यालय, संयुक्त राष्ट्रसङ्घीय विकास कार्यक्रम नेपाल, युएन वुमेन, युएनएफपीएलगायतको सहभागिता रहने अपेक्षा गरिएको आयोगका सहसचिव नवराज सापकोटाले जानकारी गराउनुभयो ।

आयोगका अध्यक्ष तपबहादुर मगरले यस सम्मेलनले मानव अधिकार संस्था स्थापनासम्बन्धी पेरिस सिद्धान्त १९९३ को लैङ्गिक दृष्टिकोणबाट लेखाजोखा गर्दै राष्ट्रिय मानव अधिकार संस्थाभित्र लैङ्गिक समानता कायम गर्नमा देखिएका चुनौतीको पहिचान, समाधानका उपायसहित सुझाव प्रस्तुत गर्ने बताउनुभयो ।

"आयोगलाई बलियो बनाउन, बहुलवादको सिद्धान्तको पालना र लैङ्गिक मूलप्रवाहिकरणमा कसरी मानवअधिकार संस्था, सरकार, नागरिक समाज लगायतको समन्वय र सहकार्यमा काम गर्ने भन्ने सवालमा केन्द्रित रहेर छलफल हुने छ " उहाँले भन्नुभयो ।सम्मेलनले मानवअधिकार संस्थाहरूको आन्तरिक र बाह्य कार्यमा लैङ्गिक समानतामा देखिएका प्रणालीगत अवरोधको पहिचान गर्दै सम्बोधन गर्न र विश्वव्यापी मुद्दाको सामना गर्दा लङ्गैगिक समानतालाई प्राथमिकतामा राख्ने विषयमा छलफल गरी निष्कर्ष निकाल्ने अपेक्षा गरिएको छ ।

आयोगका सदस्य लीली थापाले यस सम्मेलनले अन्तर-मानव अधिकार संस्थाको संवादलाई प्रोत्साहन गर्ने, असल अभ्यास आदानप्रदान गर्ने तथा राष्ट्रिय मानव अधिकार संस्थाभित्र लैङ्गिक मूलप्रवाहिकरण र समावेशिकरणलाई बढवा दिन दिशानिर्देश गर्नेमा विश्वस्त रहेको बताउनुभयो ।

आयोगका सहसचिव सापकोटाले सम्मेलनमा एक सय ५० जनासम्म सहभागी हुने अनुमान गरिएको जानकारी गराउनुभयो । उहाँका अनुसार हालसम्म भारत, फिजी, इन्डोनेसिया, इराक, जोर्डन, मलेसिया, माल्दिभ्स, मङ्गोलिया, ओमान, फिलिपिन्स, कतार, थाईल्याड, टिमोरलगातयका १७ राष्ट्रका राष्ट्रिय मानव अधिकार संस्थाले सहभागिताको प्रतिबद्धता जनाइसकेका छन् ।

तीन दिनसम्म चल्ने सम्मेलनमा विषय केन्द्रीत भई सात वटा सत्रमा छलफल हुने जनाइएको छ । सम्मेलनका बारेमा सम्पूर्ण जानकारी दिन आयोगले वेबसाइट समेत सञ्चालनमा ल्याएको छ । आयोगले सम्मेलनको सम्पूर्ण गतिविधिबारे जानकारी दिन जेन्डर कन्फ्रेन्स एनएचआरसी वेबसाइट सञ्चालनमा ल्याएको हो ।रासस

# शिक्षक नियुक्तिमा शिक्षा विकास इकाइलाई बाइपास

**टुडे समाचारदाता**

बारा । स्थानीय विद्यालयले आफूखुसी धमाधम शिक्षक नियुक्ति गर्न थालेका छन् ।

अख्तियार दुरुपयोग अनुसन्धान आयोग, शिक्षा विज्ञान तथा प्रविधि मन्त्रालयअन्तर्गतका शिक्षा एवं मानव स्रोत विकास केन्द्रका निर्देशनलाई अटेर गरी विद्यालयले मनपर्दीरुपमा जथाभावी शिक्षक नियुक्ति गरिरहेका छन् ।

शिक्षा विकास तथा समन्वय इकाइको समन्वयसंगै उनीहरुसंग अनुमति नै नलिई करारमा शिक्षक नियुक्ति र सरुवा नगर्न पटक-पटक निर्देशन दिए पनि तिनले शिक्षा विकास तथा समन्वय इकाइलाई 'बाइपास' गर्दै स्थानीय तहहरूको शिक्षा शाखाको मिलेमतोमा विभिन्न तहका विद्यालयमा शिक्षक नियुक्त गर्न थालेका छन् ।

संघीय सरकारको स्वीकृत दरबन्दी, राहत अनुदान र बालविकास सहजकर्तामा अहिले नियुक्ति र सरुवा गर्न थालिएको छ । यसलाई नियमन गर्न जिल्ला शिक्षा समितिको अध्यक्षतामा प्रमुख जिल्ला अधिकारी र इकाइ प्रमुखसहितले इकाइको समन्वय बिना आफूखुसी नियुक्ति नगर्न सबै स्थानीय तहलाई निर्देशन गरेको थियो । तर सो निर्देशनलाई समेत अटेर गर्दै केही विद्यालय र पालिकाले धमाधम नियुक्त गरिरहेका छन् ।

इकाइ कार्यालय प्रशासन शाखाका एक कर्मचारीले बताएअनुसार आर्थिक लेनदेन र राजनीतिक पहुँचका आधारमा पालिकाअन्तर्गतको शिक्षा शाखाबाट अनुमति लिएर विद्यालय व्यवस्थापन समितिले मनोमानी नियुक्ति गरिरहेका छन् ।

केही पालिकामा शिक्षक नै काजमा रही शिक्षा शाखा चलाउने गरेका छन् । त्यस्ता शिक्षकको काज फिर्ता गर्न अख्तियार, शिक्षा मन्त्रालयले ताकेता गरे पनि अहिलेसम्म फिर्ता गरिएका छैनन् ।

> संघीय सरकारको शिक्षा नियमावली, २०५९ को नियम ९६ (क) र ९७ मा पालिका र विद्यालयले इकाइको समन्वयबिना नियुक्ति र सरुवा नगर्न भनेको बताए । जिल्ला समन्वय समितिका प्रमुखसमेत रहेका जिल्ला शिक्षा समितिका संयोजक नरेन्द्रकुमार साहले पालिका र विद्यालयले समितिको निर्णयसँगै निर्देशनलाई अटेर गरी नियुक्ति र सरुवा गरिरहेको स्वीकारेका छन् ।

शिक्षा विकास इकाइ प्रमुख हेमराज खतिवडाले भने, 'विद्यालयहरूले रिक्त दरबन्दीको विवरण इकाइ कार्यालयमा उपलब्ध नगराई लुकाएर राखी त्यही रिक्त दरबन्दीमा स्थानीय तहसित मिलेर विद्यालयहरूले शिक्षक नियुक्त गर्न थालेका हुन्,' उनले अघि थप्दैं भने, 'नियुक्त गर्नुपूर्व अख्तियार र शिक्षा मानव विकास स्रोत केन्द्रले इकाइबाट समन्वय गरी गर्न पटक-पटक निर्देशन गरेको छ । तर पालिका र विद्यालयले इकाइलाई 'बाइपास' गरी अटेर गर्दै आएका छन् ।'

उनले संघीय सरकारको शिक्षा नियमावली, २०५९ को नियम ९६ (क) र ९७ मा पालिका र विद्यालयले इकाइको समन्वयबिना नियुक्ति र सरुवा नगर्न भनेको बताए । जिल्ला समन्वय समितिका प्रमुखसमेत रहेका जिल्ला शिक्षा समितिका संयोजक नरेन्द्रकुमार साहले पालिका र विद्यालयले समितिको निर्णयसँगै निर्देशनलाई अटेर गरी नियुक्ति र सरुवा गरिरहेको स्वीकारेका छन् ।


शिक्षा विकास इकाइका प्रशासन शाखाका प्राविधिक सहायक उपेन्द्र चौधरीका अनुसार सिम्रौनगढ, सुवर्ण, बारागढी र करैयामाई पालिकाबाहेक १२ वटा पालिकाले आफूखुसी कम्तीमा ४० वटा संघीय सरकारको दरबन्दीमा शिक्षक नियुक्ति गरेका छन् । पछिल्लो समय एक साताअघि मात्र कलैया उपमहानगरपालिका-१३ बलिरामपुर नेरा आधारभूत विद्यालयमा इकाइलाई ' बाइपास' गरी राहत शिक्षक र बाल विकास सहजकर्ताको नियुक्ति गरेको छ ।

नेरा आधारभूत विद्यालय व्यवस्थापन समितिका अध्यक्ष लोरिकप्रसाद यादवको संयोजकत्वमा गठित पदपूर्ति समितिमा उपमहानगरका शिक्षा महाशाखाका उपसचिव प्रहल्लाद वर्णवाल स्वयं समितिमा बसेको प्रअ नवलकिशोर गरीले बताए । वर्णवालका अनुसार स्थानीय तहले तलब उपलब्ध गराई रहेको अवस्थामा स्थानीय तहबाट समन्वय गरी नियुक्ति गर्न मिल्ने स्थानीय सरकार सञ्चालन ऐनमा उल्लेख भएको दाबी गरे । तर ती शिक्षकलाई संघीय सरकारले तलब उपलब्ध गराउने गरेको छ ।

शिक्षा विकास इकाइ शाखाका प्राविधिक सहायक चौधरीका अनुसार पचरौता, फेटा, करैयामाई, सिम्रौनगढ, महागढीमाईलगायत पालिकामा आधारभूत तहका राहत, स्थायी शिक्षक र कार्यालय सहायकको काज फिर्ता भएको छैन ।

# कारागारमा अनियमितता भएको कैदीबन्दीको गुनासो

काठमाण्डु । यहाँस्थित जिल्ला कारागारमा आर्थिक अनियमितता र बेथिति भोग्नु परेको कैदीबन्दीले गुनासो गरेका छन् । कारागारमा आर्थिक अनियमिता, आन्तरिक मूल्यवृद्धि र मनोमानी हुने गरेको गुनासो कैदीबन्दीले गरेका हुन् ।



यहाँ आन्तरिक प्रशासनको जिम्मेवारी पाएकाहरुबाटै कैदीबन्दीले उपभोग गर्ने सामानको मिलेमतोमा बजार मूल्यभन्दा बढी रकम लिने, खाना पकाएको पैसा असुल्ने, तरकारीजन्य सामान खरिद, औषधि उपचारमा अनियमितता र मनोमानी हुने गुनासो बढेको हो । कारागारमा तरकारी पकाउँदा रु ८० देखि एक सय तिर्नुपर्ने, मासु पकाउँदा रु एक सय दिनुपर्ने र पैसाबाहेक प्याज, टमाटर छुट्टै किन्नुपर्ने, कैदीबन्दीले पाउने सिदा रकम दैनिक रु ८० र सात सय ग्राम चामलमा समेत अनियमिता हुने गरेको गुनासो कैदीबन्दीको छ ।

हाल कारागारमा एक सय १३ कैदीबन्दी छन् । उक्त स‌‌ङ्ख्या अनुसार दैनिक रु नौ हजार ४० सिदा रकम र करिब ८० केजी चामल उपलव्ध हुने गरेको छ । मासिक रु दुईलाख ७१ हजार दुईसय सिदा रकम र २४ क्विन्टल चामल उपलब्ध हुने गरेको छ । सो कारोबारबाट दैनिक रु चार हजार र २० केजी चामल बचत हुने भए पनि त्यसको पारदर्शिता नदेखिएको कैदीबन्दी बताउँछन् ।

प्यारोल र लगत पठाउँदा चौकीदारले रु एक हजार पाँच सयदेखि दुई हजार पाँच सयसम्म माग्ने गरेको उनीहरु बताउँछन् । अस्पतालमा उपचार गर्दा ५० प्रतिशत खर्च आफैँले तिनुपर्ने र नाइके तथा चौकीदारबाट हातपात हुने गरेको उनीहरुको भनाइ छ । पहिलो पटक आउने कैदीबन्दीबाट रु पाँच सय आन्तरिक कोषका लागि भन्दै असुल्ने गरेको र सो रकम दिन नसके वा नदिएमा दुई हप्तासम्म भाँडा माझ्न, शौचालय सरसफाइ गर्न लगाउने गरेको कैदीबन्दीले बताए । सो विषयमा कैदी विष्णु गिरी थापा र अशोक दवाडीलगायत सँग बुझ्न खोज्दा भन्न चाहेनन् तर केही सयमअघि कारागारबाट कैद भुक्तान गरेर निस्किएका कैदीबन्दीले उक्त गुनासो सत्य भएको बताएका छन् ।

कारागारमा केही वर्षअघि चौकीदार र हाल नाइके रहनुभएका शम्भुलाल श्रेष्ठले तरकारी र खानाको जिम्मा लिँदै आउनुभएको छ । उहाँले अनियमितता नगरेको बताउनुभयो । तरकारी किलोकै रु दुई सयसम्म पर्ने र कहिले अण्डा, कहिले मासु खुवाउने गरेको श्रेष्ठले बताउनुभयो । दैनिक १५-१६ किलो तरकारी चितवन र विभिन्न स्थानबाट ल्याएर गुणस्तरीय खाना खुवाएको उहाँको भनाइ छ । उहाँले केही रकम बच्ने गरेको स्वीकार गर्दै सो रकम आन्तरिक कोषमा जम्मा गर्ने गरेको बताउनुभयो ।

उहाँले पहिलो चोटि आएका कैदीबन्दीबाट आन्तरिक कोषका लागि रु पाँच सय रकम उठाउने गरेको र सो रकम दिन नसक्ने वा नदिनेलाई दुई हप्तासम्म जुठो भाँडा माझ्न, शौचालय सफा गर्न लगाएको स्वीकार्नुभयो । "भनेर नमान्ने कैदीबन्दीलाई तर्साउन हातपात गर्छौं, के गर्नु भनेर नमान्नेलाई यसरी गर्नुपर्छ", उहाँले भन्नुभयो । केही वर्षपहिले त लात्तीले मुर्छा पर्ने गरेर हिर्काउने गरिएकामा अहिले त्यसो नगरिने उहाँले सुनाउनुभयो । उहाँले आफैं कारागार आउँदा आन्तरिक कोषका लागि भनी रु १० हजार मागेको र पछि रु पाँच हजार फिर्ता पाए पनि पाँच हजार बुझाउनु परेको बताउनुभयो । नाइके श्रेष्ठले भन्नुभयो, "यहाँ यसरी रकम माग्ने र सजाय दिने तथा हातपात गर्ने चलन पहिलाबाटै हो ।" आन्तरिक कोषमा जम्मा गरिएको रकमबाट बिरामी कैदीबन्दीका लागि आकस्मिक काममा खर्च गर्ने गरिएको उहाँको भनाइ छ ।

> "हामीले कैदीबन्दीको खर्च सबै मेडिकल नाइकेलाई नियमअनुसार पठाएका छौं तर सबै रकम कैदीबन्दीले नपाएको बल्ल थाहा भयो । यी विषयमा हामी कदम उठाउँछौं ।"

चौकीदार खुसीराम मगरातीले आफू साउनबाट मात्र चौकीदार रहेकाले केही अनियमितता नगरेको बताउनुभयो । आफू चौकीदार भएपछि मूल्यवृद्धि नगरी सरकारले तोकेको मूल्यमा सामान उपलब्ध गराउन, कुनै कैदीबन्दीलाई हातपात नगर्न नाइके लगायतलाई भन्ने गरेको बताउनुभयो । अस्पतालमा कैदीबन्दी बिरामी भएर उपचार गर्दा ५० प्रतिशत रकम आफैँले तिर्नुपरेको गुनासो उहाँको छ । "म चौकीदार हुनुअघि चैतमा ज्वरो आएर लमजुङ अस्पताल उपचार गर्न पुगेको थिएँ । त्यहाँ उपचार गर्दा रु दुई हजार छ सय खर्च भयो, मैले सबै बिल बराबरकै रकम बुझाएँ तर एक हजार आठ सय मात्र पाएँ", चौकीदार मगरातीले भन्नुभयो ।

कारागार प्रशासनले यस विषयमा गम्भीर अनुसन्धान गरी कैदीबन्दीहरु माथि हुने शोषण, दमन नियन्त्रण गर्नुपर्ने कारागारबाट कैद भुक्तान गरी निस्किएका कैदीबन्दीहरुको भनाइ छ । कारागारभित्र कैदीबन्दीले खुलेर समस्या राख्न नसक्ने भएकाले सो समस्याबारे कसैलाई भन्न नसक्दा सो कारागारमा अनियमितता हुँदै आएको केही महिनाअघि कारागारबाट छुट्नुभएका रोशन तामाङले जानकारी दिनुभयो ।

कारागारका निमित्त जेलर सुमिता मरासिनीले भन्नुभयो, "कारागारका यो विषयमा बल्ल जानकारी पार्यौं, हामीलाई थाहा थिएन, हामी यस विषयमा छानबिन गर्छौं ।" हातपात हुने गरेको, आन्तरिक कोषका लागि रकम उठाउने र नदिनेलाई सजाय दिने गरेको समेत भर्खरै थाहा पाएको उहाँले बताउनुभयो । "हामीले कैदीबन्दीको खर्च सबै मेडिकल नाइकेलाई नियमअनुसार पठाएका छौं तर सबै रकम कैदीबन्दीले नपाएको बल्ल थाहा भयो । यी विषयमा हामी कदम उठाउँछौं", उहाँले भन्नुभयो ।

प्रमुख जिल्ला अधिकारी बुद्धबहादुर गुरुङले यस विषयमा हालसम्म केही जानकारी नभएको बताउनुभयो । "त्यहाँ शङ्का गर्न सकिन्छ, प्रमाण त छैन । साँच्चिकै नियम हुनुपर्छ, सिस्टमभन्दा बाहिर जान मिल्दैन तर जेलभित्र उनीहरुको पनि छुट्टै शासन हुन्छ", प्रजिअ गुरुङले भन्नुभयो, "ठूला कारागारमा पनि यस्तो शासन हुन्छ तर त्यहाँ केही अनियमिततालगायत समस्या भएको छभने हेर्छु, यसमा मेरो ध्यान गएको छ ।"रासस

# ४२ जना लागुऔषध कारोबारी पक्राउ



धरान । सुनसरीस्थित सशस्त्र प्रहरी बल नेपाल नम्बर ४ हेडक्वार्टरले गएको एक वर्षमा लागुऔषधसहित ४२ जनालाई पक्राउ गरेको छ । सुनसरीका पहाडी नाका र भारततर्फका नाकामा विशेष निगरानीगरिएकालेलागुऔषधसहित कारोबारमा संलग्न व्यक्ति पक्राउ पर्नेक्रम बढेको सशस्त्र प्रहरी बल नम्बर ४ हेडक्वार्टरका प्रहरी उपरीक्षक समेनन्द बज्राचार्यले बताउनुभयो ।

गत आवमा गाँजामात्र एक हजार एक सय तीन केजी नियन्त्रणमा लिएको थियो । त्यस्तै ब्राउन सुगर ५७ दशमलव ८३ ग्राम, ट्रामाडोल २३ हजार सात सय एक थान, स्मास्पो प्रोभेक्सिभोन छ सय ९९ थान, नाइट्राजेपाम एक सय ८२ थान, डाइजिपाम २६ थान, बुप्रेनफिन २७ थान, लुपी/टिटी जेसिक ४० थान र डाइकोलिक दुई सय थान नियन्त्रणमा लिएको सशस्त्र प्रहरीले जनाएको छ । उक्त अवधिमा लागुऔषध ओसार पसारमा प्रयोग भएका दुई वटा एम्बुलेन्स, १२ वटा मोटरसाइकल र एउटा अटो पनि नियन्त्रणमा लिइएको सशस्त्र प्रहरी उपरीक्षक बज्राचार्यले बताउनुभयो ।

भारतसँग खुला सीमानाका भएका कारण अधिक रुपमा लागुऔषध ओसारपसार हुने गरेको छ । नेपालका पहाडी क्षेत्रबाट भारततर्फ गाँजा लैजाने क्रम बढेको पाइएको छ । ागुऔषधका कारोबारीले नेपालबाट भारततर्फ गाँजा लैजाने र अन्य लागुऔषध भारतबाट नेपालतर्फ ल्याउने गरेका सशस्त्र प्रहरी उपरीक्षक बज्राचार्यले बताउनुभयो ।

सप्तकोशी नदीको जलमार्ग र लागुऔषध ओसारपसार हुने क्षेत्रको रेखाङ्कन ती सबै ठाउँमा सुरक्षा व्यवस्थापन कडाइ गरिएको छ । सबैभन्दा धेरै लागुऔषध ओसारपसारको 'ट्रान्जिट प्वाइन्ट' सप्तकोशी नदीको जलमार्गमा सुरक्षा कडाइ गरिएको सुनसरी जिल्ला प्रमुख रामचन्द्र तिवारीले बताउनुभयो ।रासस

## तपाईको आज
पण्डित : ब्रम जी

| | |
|---|---|
| मेष | : धन वृद्धि सञ्चय । |
| वृष | : प्रेम प्रसंग, मित्र सुख । |
| मिथुन | : सुख समृद्धि हुने । |
| कर्कट | : भ्रमण अवसर हुने । |
| सिंह | : अवसर प्राप्त । |
| कन्या | : वाद विवादबाट बच्नु । |
| तुला | : पुरस्कार प्राप्त लाभ । |
| वृश्चिक | : नयाँ कार्य हुने । |
| धनु | : बौद्धिक क्षमता । |
| मकर | : प्रतिभा सम्पन्नता । |
| कुम्भ | : शिक्षामा उन्नति । |
| मीन | : पारिवाहिक सुख । |

राशिफलले जस्तो दिनको संकेत गरेपनि कर्म गर्दा फल राम्रै पाइन्छ ।

## महत्वपूर्ण टेलिफोन नम्बरहरू



जनकपुरधाम ०४१

| | |
|---|---|
| बारुण यन्त्र | ५२००११ |
| प्रहरी (हण्टीङ्गलाईन) | ४२००९९, ४२०२९९, १०० |
| एम्बुलेन्स (रेडक्रस) | १०२ |
| एम्बुलेन्स (मेडिकल कलेज) | ५२६०९०, ५२६०९१ |
| एम्बुलेन्स (हिमालय युवा क्लब) | ९८०४८१५१२६ |
| अञ्चल अस्पताल | ५२००३३ |
| जनकपुर सिटी हस्पिटल भानुचोक | ५२५०१, ५२५८९९ |
| नेपाल शिक्षक संघ (एम्बुलेन्स) | ९८०१६४४४५५,९८५४०२८२९६ |
| जानकी हेल्थकेयर सेन्टर रामानन्द चोक | ५२५३४१ |
| रक्तसंचार (रेडक्रस) | ५२०८७० |
| ॐ शक्ति अध्ययन अनुसन्धान केन्द्र (एम्बुलेन्स) | ९८५४०२७४३४ |
| कृष्णा नर्सिङ्गहोम | ५२१९१८ |
| विरेन्द्र डेन्टल हेल्थ केयर | ५२८४३७ |
| आँखा अस्पताल | ५२०३९७ |
| रेडियो टुडे (९१ मेगाहर्ज) | ९८०१६२६०२६ |
| एयर पोर्ट | ५९००५८, ५९००५२ |
| विद्युत फ्युज शाखा | ५९०८३४, ५९०८३५ |
| साह केबुल | ५२४७२२ |
| जानकी केबुल | ५२३७२८ |
| म्याक्स टीभी | ०४१-५९०८९७,९८०१६६८६५२ |
| नगर सेफ्टी टैंक सफाई सेवा | ५२१२६२ |
| मुजेलिया प्रहरी चौकी | ५२०७५० |
| सशस्त्र प्रहरी मुजेलिया | ५२७२१३, ५२७८०० |
| बुद्ध एयर | ५२५०२२ |
| यति एयरलायन्स, शिवचोक | ५९०३०१/५९०३०२ |
| होटल मानकी | ९८१५८९३५३४, ९८१५८९३३४३ |
| होटल रामा | ५२००५९, ५२३८५४ |
| वेलकम होटल | ९८०१६२००६५, ९८०१६२००६४ |
| गौतम होटल, बर्दिबास | ०४४-५५००३४ |
| जलेश्वर अस्पताल | ०४४-५२००७० |
| प्रहरी (जलेश्वर) | ०४४-५२०००९ |
| एम्बुलेन्स (जलेश्वर) | ०४४-५२०१०० |
| विद्युत (जलेश्वर) | ०४४-५२००६६, ५२०१६६ |

### रत्न सागर मन्दिर प्रत्येक दिन

| | |
|---|---|
| बिहान ढोका खुल्ने समय | : ५:०० बजे |
| बिहान पूजा आरती | : ८:०० बजे |
| भोगराज लाग्ने समय | : ११:३० बजे |
| निशुल्क अन्न क्षेत्र (दिउँसो) | : १२:०० बजे |
| मन्दिर बन्द हुने समय | : १२:०० बजे |
| खुल्ने समय (दिउँसो) | : ४००: बजे |
| रात्री आरती पूजा हुने समय | : ९:३० बजे |
| रात्री मन्दिर बन्द हुने समय | : १०:०० बजे |

### जानकी मन्दिर प्रत्येक दिन

| | |
|---|---|
| बिहान ढोका खुल्ने समय | : ०५:०० बजे |
| बिहान पूजा आरती | : ०७:०० बजे |
| बिहान ढोका बन्द | : १२:०० बजे |
| अन्न क्षेत्र | : निःशुल्क भोजन |
| दिउँसो ढोका खुल्ने समय | : ०४:०० बजे |
| सन्ध्या पूजा आरती:साँझ | : ०७:३० बजे |

### राम मन्दिर प्रत्येक दिन

| | |
|---|---|
| बिहान ढोका खुल्ने समय | : ०५:०० बजे |
| मंगल आरती | : ०७:३० बजे |
| महाप्रसाद भोग | : १२:०० बजे |
| दिउँसो ढोका खुल्ने समय | : ०३:३० बजे |
| सन्ध्या पूजा आरती साँझ | : ०७:०० बजे |
| रात्रि भोग | : ०९:०० बजे |
| पट बन्द | : ०९:१५ बजे |



महोत्तरीको मटिहानी स्थित प्रसिद्ध लक्ष्मीनारायण मठमा पालिएका ११ वटा हरिण मध्ये खेलिरहेका केहि हरिणहरु । *तास्बिर : संजय कुमार यादव*

# अन्तरआवद्धतालाई प्रभावकारी बनाउन एउटै 'नेटवर्क कनेक्टिभिटी'मा जोड्दै चन्द्रागिरि

काठमाण्डु । चन्द्रागिरि नगरपालिकाले आफ्ना मातहतका सेवा प्रदायक निकायलाई एउटै 'नेटवर्क कनेक्टिभिटी'मा जोड्ने भएको छ । वडा कार्यालय, स्वास्थ्यचौकी, सहरी स्वास्थ्य केन्द्र, नगर अस्पताल र सामुदायिक विद्यालयका गतिविधि सूचना प्रविधिका माध्यमबाट जोडिन लागेका हुन् । यसका लागि नगरपालिकाले नेपाल टेलिकमसँग अन्तरसरकारी निकाय सम्झौता (जिटुजी) अवधारणाअन्तर्गतद्विपक्षीय सम्झौता गरेको छ । सोमबार आयोजित कार्यक्रममा नगरप्रमुख घनश्याम गिरी र टेलिकम बागमती प्रदेश निर्देशक रीना डङ्गोलले सम्झौतापत्रमा हस्ताक्षर गर्नुभयो ।



सम्झौताअनुसार नगरपालिका कार्यालय र अन्तर्गतका १५ वडा कार्यालय, १५ स्वास्थ्यचौकी तथा सहरी स्वास्थ्य केन्द्र, २४ सामुदायिक विद्यालय र एक नगर अस्पतालमा इन्ट्रानेट लिज लाइन, इन्टरनेट सेवा र सिसीटिभी कनेक्टिभिटीलगायत सेवा टेलिकमले प्रदान गर्नेछ । यसका साथै दुई सयभन्दा बढी सार्वजनिक स्थानमा 'वाइफाइ हटस्पट'को सेवा पनि टेलिकमले प्रदान गर्नेछ ।

टेलिकमले नगरपालिकाको सूचना प्रवाहका लागि विभिन्न चोकमा डिजिटल बोर्डको पनि व्यवस्था गर्ने सम्झौतापत्रमा उल्लेख छ। नगरप्रमुख गिरीले नगरपालिकाले प्रदान गर्ने डिजिटल सेवा तथा जिपिएस/ जिआइएससहितको नगर प्रोफाइलका सेवा अवलम्बन गर्न यस सम्झौताले पूर्वाधार र सहजीकरणको भूमिका खेल्ने बताउनुभयो । उहाँले भन्नुभयो, "नगरपालिकाले आफ्नै सर्भरको पनि व्यवस्था गर्न लागेको छ । यसबाट डिजिटल घर नक्सा सेवा तथा अन्य सेवा पनि सुरक्षित रहने छ।"

कार्यक्रममा प्रमुख प्रशासकीय अधिकृत हेमराज अर्यालले नगरपालिका मातहतका कार्यालय, विद्यालयका गतिविधि अब नगरबाट नै निगरानी गर्न सकिने र अन्तरआवद्धतालाई थप प्रभावकारी बनाउने जानकारी दिनुहुँदै यसले नगरलाई थप प्रविधिमैत्री बनाउन सहयोग मिल्ने विश्वास व्यक्त गर्नुभयो । उहाँले भन्नुभयो,"नगरपालिकाले आफ्ना सेवालाई प्रविधिमैत्री बनाउन नवीनतम् सोचका काम गरिरहेको छ ।रासस

# भारी वर्षाको उच्च जोखिम भएका जिल्लामा रात्रि बस नचलाउन प्राधिकरणको आग्रह

काठमाण्डु । राष्ट्रिय विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापन प्राधिकरणले भारी वर्षाको उच्च जोखिम क्षेत्रका सडकमा रात्रि बस नचलाउन सचेत गराएको छ।




जल तथा मौसम विज्ञान विभागले मंगलबार र बुधबार भारी वर्षा र अतिभारी वर्षा हुने प्रक्षेपण गरेको जनाउँदै प्राधिकरणले रातको समयमा सडक क्षेत्रमा बाढी र पहिराको आकलन गर्न कठिन हुने भएकाले उच्च जोखिम भएका जिल्लामा रात्रिकालीन बस नचलाउन सचेत गराएको हो।

> विभागले भारी र अतिभारी वर्षाका कारण कोशी, बागमती, गण्डकी, लुम्बिनी र सुदूरपश्चिम प्रदेशका ३४ जिल्ला उच्च जोखिममा रहने प्रक्षेपण गरेको छ ।

विभागले भारी र अतिभारी वर्षाका कारण कोशी, बागमती, गण्डकी, लुम्बिनी र सुदूरपश्चिम प्रदेशका ३४ जिल्ला उच्च जोखिममा रहने प्रक्षेपण गरेको छ। विभागले ताप्लेजुङ, पाँचथर, सङ्खुवासभा, तेह्रथुम, रसुवा, चितवन, सिन्धुपाल्चोक, धादिङ, नुवाकोट, दोलखा, म्याग्दी, बाग्लुङ, कास्की, पर्वत, स्याङ्जा, तनहुँ, नवलपरासीपूर्व, लमजुङ, गोरखा, कपिलवस्तु, रुपन्देही, पाल्पा, गुल्मी, दाङ, बाँके, बर्दिया, प्यूठान, अर्घाखाँची, रुकुमपश्चिम, कैलाली, कञ्चनपुर, डडेल्धुरा, डोटी र बैतडीलाई उच्च जोखिममा राखेको छ।

प्राधिकरणले विपद्को जोखिममा रहेका नागरिकलाई जिल्ला विपद् व्यवस्थापन समिति र स्थानीय विपद् व्यवस्थापन समितिले समन्वय गरी तत्काल सुरक्षित आश्रयस्थलमा सार्न, जोखिमयुक्त क्षेत्रमा पूर्वतयारी र प्रतिकार्य गर्न विपद्सम्बन्धी काम गर्ने साझेदार संस्थालाई जिल्ला र स्थानीय विपद् व्यवस्थापन समितिसँग समन्वयमा रहन सूचित गराएको छ।

प्राधिकरणले उच्च जोखिमका जिल्लामा जुनसुकै बेला विपद् आउनसक्ने हुनाले खोज तथा उद्धारका लागि ती जिल्लाहरुका तीनवटै सुरक्षा निकायलाई तयारी अवस्थामा रहने, भारी वर्षाको अवधिभरि अत्यन्त जरुरी अवस्थामा बाहेक यात्रा नगर्न, नदी किनार र पहिरोको जोखिममा बसेका बासिन्दालाई चनाखो रहन आग्रह गरेको छ ।रासस

# बजारमा कृत्रिम अभाव र कालोबजारी रोक्न सरकारलाई समितिको निर्देशन

काठमाण्डु । राष्ट्रियसभाअन्तर्गतको सङ्घीयता सवलीकरण तथा राष्ट्रिय सरोकार समितिले देशभर गुणस्तरीय वस्तु तथा सेवाको सहज आपूर्तिगरी कृत्रिम अभाव र कालोबजारी रोक्न सरकारलाई निर्देशन दिएको छ।



समितिको मंगलबार बसेको बैठकमा सभापति सोनाम गेल्जेन शेर्पाले चाडपर्व सुरू हुनु अगाडिदेखि नै दैनिक उपभोग्य वस्तु तथा सेवाको अस्वाभाविक मूल्यवृद्धि हुने गरेकोप्रति सचेत गराउँदै सरकारलाई मूल्य र कालोबजारी नियन्त्रण गर्न निर्देशन दिनुभएको हो।

बैठकले उद्योग, वाणिज्य तथा आपूर्ति मन्त्रालयलाई नियमित बजार अनुगमन गर्न र गराउन निर्देशनसमेत दिएको छ।

"अन्तरमन्त्रालय, तीन तहका सरकारबीच समन्वय र सहकार्य गर्दै बजार अनुगमन प्रभावकारी बनाउनु अत्यावश्यक छ", सभापति शेर्पाले भन्नुभयो,"आमनागरिकको सहज पहुँच हुनेगरी तत्काल सुपथ मूल्य पसल सञ्चालनका लागि समय अवधि र क्षेत्रगत दायरा विस्तार गर्नुस् ।" यस्तै प्रत्येक पसलमा मूल्य सूची अनिवार्य राख्न र उपभोक्ता सचेतनाको कार्यक्रमलाई निरन्तरता दिनसमेत उहाँले निर्देशन दिनुभयो। बैठकमा समितिका सदस्यले सरकारसँग पेट्रोलियम, ग्यास र अत्यावश्यक खाद्यान्नको भण्डारण कम भएको भन्दै चासो व्यक्त गर्नुभएको थियो । उहाँहरूले पेट्रोल र ग्यासको मौज्दात बढाउनुपर्नेमा जोड दिनुभयो । समिति सदस्य राजेन्द्रलक्ष्मी गैरेले भन्नुभयो, "सरकारसँग भण्डारण छैन, व्यवसायीसँग छ । अत्यावश्यक वस्तु तथा सेवाको भण्डारण छैन भने नाकाबन्दी वा प्रकोपले ढुवानी अवरुद्ध भए के गर्ने ? त्यसैले समयमै सचेत रहनुपर्ने आवश्यकता छ ।" सदस्य उदयबहादुर बोहराले विचौलिया हाबी हुँदा बजार अराजक बन्दै गएको बताउनुभयो । "विचौलियाको अन्त्य कसरी गर्ने ? विभागको अनुगमन र कारबाही प्रभावकारी भएन भन्ने गुनासो छ । यसमा ध्यानुपर्छ", उहाँले भन्नुभयो।

बैठकमा उद्योग, वाणिज्य तथा आपूर्ति मन्त्रालय र वाणिज्य, आपूर्ति तथा उपभोक्ता संरक्षण विभागका प्रतिनिधिसँग उपभोग्य तथा अत्यावश्यक वस्तु, सेवाको आपूर्ति एवं वितरण र बजार अनुगमनलगायतका सम्बन्धमा छलफल भएको थियो। मन्त्रालयका सचिव मधु सुदन बुर्लाकोटीले पेट्रोलियम पदार्थको भण्डारण न्यून क्षमता र मुलुकको आन्तरिक आपूर्ति शृंखलामा विचौलिया हाबी हुने समस्याबारे समितिलाई जानकारी गराउनुभयो।

विभागका महानिर्देशक राजन पौडेलले भारतबाट चिनी, चामल, गहुँ तथा प्याज आयातमा थप कोटाको व्यवस्था तथा निकासी महसुल छुटगरी आयात सहजीकरणका लागि कूटनीतिक पहल जारी राखेको जानकारी गराउनुभयो । पेट्रोल सात दिन, डिजेल १२ दिन, मट्टितेल २६ दिन र हवाई इन्धन छ दिनको माग धान्न सक्नेगरी नेपाल आयाल निगमसँग ८९ हजार नौ सय ९० किलोलिटर भण्डारण क्षमता रहेको उहाँले जानकारी दिनुभयो।

यस्तै विभिन्न ग्यास उद्योगसँग नौ हजार १ सय १७ मेट्रिक टन एलपी ग्यासको भण्डारण क्षमता रहेकामा अहिले छ दिनको माग धान्नसक्ने मौज्दात रहेको छ । राष्ट्रिय खाद्यसुरक्षा भण्डारमा २५ हजार मेट्रिकटन र दक्षिण एसियाली क्षेत्रीय सहयोग सङ्गठन (सार्क) को खाद्य बैंकमा आठ हजारगरी ३३ हजार मेट्रिकटन खाद्यान्न मौज्दात कायम हुनुपर्नेमा अहिले ११ हजार मेट्रिक टनमात्र छ।

साल्टट्रेडिङ कर्पोरेसनमार्फत दुर्गम क्षेत्रका १७ जिल्लाका ६१ स्थानमा स्थानीय मागका आधारमा सरकारले अनुदानमा नुन ढुवानीको व्यवस्था मिलाइएको र खाद्य व्यवस्था तथा व्यापार कम्पनी लिमिटेडसँग देशभरमा गरी एक लाख ५० हजार मेट्रिकटन भण्डारण क्षमता रहेको जानकारी दिइएको थियो ।रासस

# बारामा ९८ प्रतिशत रोपाइँ




कलैया । बाराका अधिकांश भागमा रोपाइँ सकिएको छ । कृषि ज्ञान केन्द्रका अनुसार ९८ प्रतिशत रोपाइँ समाप्त भएको छ।

यस वर्ष ४६ हजार २० हेक्टर क्षेत्रफलमा बर्खे, भदैया, अगहनी धान रोपाइँ भएको केन्द्रका प्रमुख राजनारायणप्रसाद साहले जानकारी दिनुभयो । जिल्लाका किसानले ४५ हजार ९९ दशमलव छ हेक्टरमा रोपाइँ सम्पन्न गरेका छन् । हर्दिनाथ-१, चैते-२, चैते-४, राधा-४ जातका भदैया, सवा मन्सुली, राधा-११, ९, ७ जातका अगहनी धान, ३४ हजार एक सय २० हेक्टर क्षेत्रफलमा रोपिएको छ । कृषियोग्य ४६ हजार २० हेक्टर क्षेत्रफलमा रोपाइँ गर्ने लक्ष्य छ।

गत वर्ष २०८०/८१ मा किसानले बर्खेधान, भदैया र अगहनीसहित विभिन्न जातका ४६ हजार २० हेक्टर क्षेत्रफलमा खेती भएको थियो ।रासस

# चार जिल्लामा देखियो हैजा

काठमाण्डु । देशका चार जिल्लामा हैजाका बिरामी फेला परेका छन् । स्वास्थ्य सेवा विभागअन्तर्गतको इपिडिमियोलोजी तथा सरुवा रोग नियन्त्रण महाशाखाका निर्देशक डा यदुचन्द्र घिमिरेले काठमाडौं, ललितपुर, कैलाली र प्यूठानमा हैजाका बिरामी देखिएको बताउनुभयो ।



उहाँकानुसार यी चार जिल्लामा ३० जनामा हैजा पुष्टि भएको छ। राष्ट्रिय जनस्वास्थ्य प्रयोगशालामा हैजा परीक्षण गराउँदा ललितपुरमा १९, काठमाडौंमा एक, कैलालीमा आठ र प्यूठानमा दुई जनामा हैजा पुष्टि भएको हो।

हैजा अतिसङ्क्रामक र शीघ्र फैलिने झाडापखाला भएकाले यसका मुख्य लक्षणमा चौलानी पानी जस्तो दिसा आउने, वाकवाकी लाग्ने र बान्ता हुने, कडा जलवियोजन हुने गर्दछ । सङ्क्रमणले गम्भीर अवस्थामा आँखा गाडिने, मुख, जिब्रो र घाँटी सुक्खा हुने, पिसाबको रङ पहेलो हुने, रक्तचाप कम हुने, मुटुको धड्कन अनियन्त्रित हुने र बेहोस हुनेजस्ता समस्या हुने गरेका चिकित्सकले जनाएका छन् । हैजाका बिरामीलाई तुरुन्तै अस्पताल नपुऱ्याए ५० प्रतिशत मृत्यु हुने सम्भावना हुने भएकाले सतर्कता अपनाउने र झिँगा लागेको, बासी, सडेगलेको, नपाकेको, चिसिएको खुला स्थानका खाद्यपदार्थ नखान, पानी उमालेर वा क्लोरिन प्रयोग गरेरमात्र प्रयोग गर्न र गराउन, व्यक्तिगत सरसफाइमा विशेष ध्यान दिन महाशाखाले अनुरोध गरेको छ ।रासस


# मौसमजन्य विपद्: एकैदिन ११ जनाको मृत्यु,

काठमाण्डु । विपद्का घटनामा परी मंगलबार देशका विभिन्न जिल्लामा ११ जनाको मृत्युभएको छ। योसँगै अविरल वर्षाका कारण गत जेठ २८ गतेदेखि देशका विभिन्न स्थानमा आएको बाढी, पहिरोलगायतका विपद्मा परी हालसम्म एक सय ६५ जनाको मृत्यु भएको छ। सोमबबारसम्म एक सय ५४ जनाको मृत्यु भएको थियो।



मंगलबार बागलुङ र गुल्मीमा बढी मानवीय क्षति भएको प्रहरी प्रवक्ता प्रहरी नायब महानिरीक्षक दानबाहादुर कार्कीले जानकारी दिनुभयो। बाढी, पहिरोलगायतका विपद्मा परी काठमाडौं उपत्यकामा तीन, कोशी प्रदेशमा २५, मधेस प्रदेशमा छ, बागमती प्रदेशमा ३०, गण्डकी प्रदेशमा ५०, लुम्बिनी प्रदेशमा ३३, कर्णाली प्रदेशमा आठ र सुदूरपश्चिम प्रदेशमा १० जना गरी हालसम्म एक सय ६५ जनाको मृत्यु भएको प्रहरीले जनाएको छ।

विपद्मा परी बुधबारसम्म एक सय ९८ जना घाइते भएका छन् भने एक सय ५१ जना बेपत्ता भएका छन् ।रासस



**अन्यत्र गरेको पापबाट जनकपुरधाममा मुक्ति पाउन सकिन्छ।**
**जनकपुरधाममा गरेको पापबाट मुक्ति पाउने स्थान अन्यत्र छैन॥**

## सम्पादकीय

# बंगलादेशले सिकाएको पाठ

छिमेकी राष्ट्र बंगलादेशमा भएको आरक्षण विरोधी एउटा आन्दोलनले प्रधानमन्त्री शेख हसिनालाई राजीनामा दिएर देश छाड्न बाध्य बनाइएको छ। केही समयदेखि विद्यार्थीहरुले आरक्षणको विषयमा विरोध गरिरहेका थिए। विद्यार्थीको विरोध क्रमिक रुपमा सशक्त बन्दै प्रधानमन्त्री हसिनालाई देश छाड्न बाध्य बनायो। सन् २००९ देखि निरन्तर प्रधानमन्त्री रहेकी हसिना पछिल्लो पटक गत जनवरीमा सम्पन्न चुनावमा बहुमत प्राप्त गरी नयाँ कार्यकालको सुरुवात गरेकी थिइन्। तर यो कार्यकालको उनी वर्षदिन पनि पुरा नगर्दै देश छाडेर भाग्नु परेको छ। बंगलादेशको स्थापना गर्ने उनका पिता नै थिए। राजनीतिको विभिन्न आरोहअवरोह पार गर्दै उनी पछिल्लो डेढ दशकदेखि प्रधानमन्त्री थिइन्। बंगलादेशमा सर्वाधिक समय शासन गर्ने उनी नै हुन्। जनवरीमा भएको निर्वाचनलाई विपक्षी दलहरुले स्वीकार गरेका थिएनन्। चुनाव एकतर्फी रुपमा गराएको उनीमाथि आरोप लागेको थियो। तर विपक्षी राजनीति दलहरुले हसिना विरुद्ध सशक्त आन्दोलन गरेर उनलाई अपदस्थ गर्न पनि सकेको थिएन। विद्यार्थीहरुले केही दिन गरेको आन्दोलनमा विपक्षी दललगायत विभिन्न क्षेत्रको समर्थन जुट्न थालेको थियो। आन्दोलनको क्रममा ३ सय मानिसको मृत्यु भएको विभिन्न सञ्चार संस्थाहरुले जनाएका छन्। आइतवार एकै दिन ९० जनाको मृत्यु भएको थियो। सरकारले लगाएको कर्फ्युको व्यापक अवज्ञा गरिएको थियो। स्थिति वेकाबु भएपछि प्रधानमन्त्रीले देश छाडेर नै भाग्नु पर्यो। त्यहाँ सेनाले स्थितिलाई नियन्त्रण गर्ने प्रयासमा लागेको छ। सेना प्रमुखले अन्तरिम सरकार बनाउने धारणा सार्वजनिक गरिसकेको छ। बंगलादेशमा लोकतान्त्रिक शासन विधि थियो। तर लोकतन्त्रको नाममा एकलौटी गर्न खोजेपछि पछिल्लो अवस्था सृजना भयो। दक्षिण एसियामा यस अघि श्रीलंकामापनि यस्तै स्थिति सृजना भएको थियो। शासक जनमुखी नभए शेख हसिनाको हविगत हुन सक्ने बंगलादेशको बिद्रोहले संकेत गरेको छ। जनतालाई कमजोर ठानेर थिचोमिचो गर्न हुँदैन। जनहित र देशहितलाई नै सर्वोपरी ठानेर शासन चलाउँदा लोकप्रिय र दीर्घकालीन हुन सक्छ। तर शासनको नाममा तानाशाही गर्दा हसिनाको हालत हुन सक्छ। बंगलादेशले हरेक देशका शासकलाई शिक्षा दिएको छ। कुनै पनि बेला जनबिद्रोह हुन सक्ने र त्यसको परिणाम शासकलाई देश छाड्ने अवस्थामा पुर्याउन सक्ने हुन सक्छ। बहुमत र कमजोर प्रतिपक्षभन्दा जनअपेक्षालाई समाधान गर्न सरकार सक्रिय हुनुपर्छ। नेपालले पनि बंगलादेशबाट पाठ सिक्नु पर्छ।

# 'सखि हे सावनके बूँद झिसी पियासँग खेलब पचिसी ना !'



ज्योती झा

*सखी फूल लोढ चलु फुलबरिया*
*सीताके सँग सहेलिया,*
*कोई बेली फूल लोढे चमेली फूल लोढे*
*कोई लोढेला चम्पाके कलिया, सीताके सँग सहेलिया.....*

मधुश्रावणी पूजाको समयमा नवविवाहिता महिलाहरु साँझको समयमा साथीहको समूह बनाएर थरिथरिका लोकगीतहरु गाउँदै, रमाउँदै बगैंचाबाट फूल पात टिपेर ल्याउँछन्। टिपिएका सोही फूल पातले भोली पल्ट बिहान पूजा गर्ने गर्छन।

पर्व त्योहारको मामिलामा हामी मिथिलाञ्चलबासी धेरै नै धनि र भाग्यशाली छौं। हुनत हरेक त्योहार आफ्नो ठाउँमा विशेष छन्। तर, मधुश्रावणी पर्वलाई मिथिलाञ्चलमा मुख्य पर्वको रूपमा मनाइन्छ। यो पर्व सिमित जातजातिका मानिस मनाउँछन्। ब्राह्मण, कायस्थ, भूमिहार र सोनार जातिले मनाउने यो पर्व धुमधाम र हर्षोल्लासका साथ मनाइन्छ। सबैभन्दा लामो पर्वको रूपमा मधुश्रावनी पर्वलाई बुझिन्छ। त्यही भएर यो पर्व अरु पर्व भन्दा फरक र विशेष मानिन्छ।

हरेक वर्ष श्रावण कृष्ण पञ्चमी अर्थात मौना पञ्चमीको दिनबाट सुरु भई १५ दिनसम्म चल्ने 'मधुश्रावणी' पर्व तिथिको गणनामा थपघट भएपछि सोही अनुरूप यो पर्वको अवधिमा पनि हेरफेर हुने गर्दछ। मिथिलाको यो लोकपर्व बेहुलीहरूले विशेष गरी माइतीमा मनाउने गर्दछन्। यस पर्वमा बेहुलीका अतिरिक्त अन्य महिला र युवतीहरू सहभागी हुने गर्छन्। यस पर्वमा खास गरी माता गौरी, महादेव र नागदेवता (विषहरा) को पूजाको अनुष्ठान गरिन्छ।

विवाहको पहिलो श्रावणमा मधुश्रावणी नवविवाहिताले पुज्छिन्। अहिले त जनकपुरधामसहित मिथिला क्षेत्रका गाउँ, नगर बस्तीमा मधुश्रावणी पर्वको रौनक बढेको देख्न सकिन्छ। पर्वमा रमेका नवविवाहिता महिलाहरुको समूह नै गीतमा लय बाँध्दै घर बाहिर निस्केपछि यस पर्वको रौनकता बढेको छ। यो व्रत श्रीमानको लामो आयूको लागि गरिन्छ।

नवविवाहिताले यो पर्व माइती घरमै मनाउने चलन भएपनि पर्वको सारा सामग्री भने श्रीमानले पठाएका नै प्रयोग गर्ने परम्परा छन्। यसमा माटोको हात्ती, सर्प, अहिबात पुरहर (माटोको भाँडो) हुन्छ भने पञ्चमीको दीन माटोकै ५ वटा थुम्बा बनाइन्छ। र, गाईको गोबरको सर्प आकृति हरेक ढोकाको दुबैतर्फ बनाइन्छ।

त्यति मात्र नभई पानको पात, केराको पातमा पनि चावलको पिठो, गाजल, सिन्दुर, मेंहदी र गोबरले सर्पको आकार बनाइन्छ। यसमा थोरै फूलले पुग्दैन धेरै फूल चाहिन्छ। बासी फूल, पात छारने गरिन्छ भने ताजा फूलले पुजा गर्नुको साथै छारिन्छ पनि।

यो पर्वमा नवविवाहिता दुलहि जस्तै श्रृंगार गर्छिन् र बिहान बेलुका साथी सहेलीसँग रमाइलो ठट्टा गर्दै गितगाउँदै ब्रतालु महिलाहरु छरछिमेक, मठमन्दिर र फूलबारीबाट टिपेर ल्याएको फूलले भोलिपल्ट पूजा आराधना गर्ने परम्परा छ।

हाम्रो पूर्वजहरूको भनाइ अनुसार सृष्टि आरम्भदेखि नै मिथिलामा यो पर्व मनाइँदै आइएको छ। र, यो पर्व मिथिलाका नवविवाहिताका लागी धेरै महत्वपूर्ण मानिन्छ। यसमा जतिदिनको पुजा हुन्छ जस्तै प्रायः १४ पुजा १५ टेमी हुन्थ्यो। तर यसपालि १३ पुजा १४ टेमी रहेको छ। यसमा सधैं बेग्लै बेग्लै कथा सुनाइन्छ। यसले गृहस्थ आश्रममा आउने बाधा अड्चनबाट कसरी बच्ने र कसरी आफ्नो दाम्पत्य जीवनलाई सुखीपूर्वक निर्वाह गर्ने भन्नेबारे सिकाइन्छ।



यो पर्वमा पूजा अवधिसम्म नुन मिसाइएको कुनै परिकार खानु हुँदैन। कतिले खान्छ भने पनि सिन्धा नमकको प्रयोग गर्छन्। यसमा सबै थोक ससुरालीबाट आउँछ। जस्तै पूजाको सामान, श्रृंगारको सामान, नवविवाहिताले खाने अन्न आदि। यसमा रातो, पहेंलो, हरीयो साडी नवदुलहीको लागी आउँछ। फूल टिप्नको लागी बेग्लै र पूजाको लागी बेग्लै साडी हुन्छ। त्यस्तै चुरा, चोलो, पोते र आभूषणहरू हुन्छ र त्यही साडी, आभूषण र श्रृंगारको सामान नवदुलही लगाउँछन्। फुल टिप्न जानेलाई स्थानिय भाषामा फूललोढी भनिन्छ। यो पूजामा गौरीको पूजा महत्वपूर्ण छ। गौरीको प्रतिमा बेसार र दुबोले बनाइन्छ र पानको पातमा राखिन्छ तथा माथिबाट पनि पानकै पातले छोपिन्छ। नवविवाहिताको ससुराली र माइत दुवैतर्फबाट प्रतिमा बनाइन्छ। गौरीलाई दाम्पत्य जीवनको संरक्षित र नागलाई नारीको पतिका रूपमा वंशलाई बढाउने प्रवृतिको जीव मानिएकाले यस पर्वमा गौरी तथा नाग नागिनको विशेष पुजा आराधना गर्ने गरेको पाइन्छ। यो पर्वमा व्रतालुले विनी अनिवार्य रुपमा सुन्नैपर्ने हुन्छ। र, यसमा मौना पञ्चमी कथा, विहुलाओ मनसाक कथा, पृथ्वीको जन्म, समुद्र मन्थन, सतीको कथा, पतिव्रताको कथा, महादेव परिवारको कथा, गंगाको कथा, गौरीको जन्म, कार्तिक जन्म, गणेश जन्म, बाल वसन्त जस्ता धेरै कथाहरू सुन्न पाइन्छ।

अहिले त केटाकेटीको बढी उमेरमा विवाह हुन थाल्यो। तर पहिला कलिलो उमेरमा हुन्थ्यो। जहाँ केटाकेटी विवाह भनेको के हो, कसरी कर्तव्य निर्वाह गर्नुपर्छ, के के गर्नुपर्छ भन्ने कुरादेखि अज्ञान हुन्थ्यो। पहिला त कन्यादान गर्दा कन्या दुलहीको उमेर प्राय किशोर रहने एवम् त्यस उमेरकी बालिका पारिवारिक र सामाजिक विधि व्यवस्थाका विषयमा जानकार नरहने हुनाले समाज वा परिवारकी प्रौढ महिलाद्वारा कथाको माध्यमले यस्ता गम्भीर र अत्यावश्यक कुराहरूबारे ज्ञान प्रदान गरिनु अत्यन्त महत्वपूर्ण मानिन्थ्यो। महिला वर्गको मात्र सहभागिता रहने भएकाले नवयौवना बालबालिकालाई जीवनोपयोगी शिक्षा उपयोगी तरिकाले दिइने गरिन्थ्यो। जसले उ मानसिक र शारीरक रुपले समेत गृहस्थ जिवनयापनका लागि तयार हुन सकोस्।

पर्वको अन्तिम विधि टेमि विधि हुन्छ। यसमा बेहुलीको आँखा छोपी घुँडा र खुट्टा डाम्ने गरिन्छ। तर त्यही बेहुली गर्भवती छन् भने सितल टेमि दिइने चलन छ।

श्रावण मास सुहावन बहिना पुजब हम मधुश्रावनी गे.....

जनकपुरधाम उपमहानगरपालिका वडा नम्बर ४ की नवविवाहिता गुन्जा ठाकुरलेगुनगुनाउँदै भनिन् 'मधुश्रावणी मनोरञ्जनात्मक त छँदैछ साथै यसले मैथिल विधिविधान समेत सिकाउँछ। मिथिलाञ्चल पर्व त्योहारको मामिलामा धेरै धनी छ। र मलाइ त गर्व लाग्छ आफू मिथिलानी भएकोले। झन मधुश्रामणिले त मैथिली संस्कारको विधिविधानबारे मलाई अझ जानकार हुने अवसर जुरायो। उनले अगाडि भनिन, 'यस पर्वले एक नारी कतिसम्म सहनशील धैर्यवान हुन सक्नुपर्छ भन्ने कुराको ज्ञान समेत प्रदान गरेको छ। म त एकदम आनन्दित भएर मनाउँदै छु यो पर्व। हरेक दिन केही नयाँ सिक्न पाइन्छ। यसमा कथा, टिमी, गौर पुज्नु, फूल टिप्न जानु, श्रृंगार गर्नु। म त एकदमै खुशी छु। आजभन्दा पहिला अरूलाई हेर्थे तर किन गर्छ यसको गहिराइ थाहा थिएन। आफूले गर्दा र यो पर्वको कहानी बुझ्दा मलाइ हरेक दिन गर्व हुन्छ। मेरो संस्कृति प्रति सम्मान जाग्छ। कतिले त यहाँसम्म भन्दिन्छन् यो टेमी प्रथाको अन्त्य होस्। यो महिला हिंसा हो रे। अधिकारकर्मीहरुले पनि बेला बेलामा आवाज उठाएकै छन्। तर यो हाम्रो संस्कृति, हाम्रो अभिमान, गौरव हो। हाम्रो पुर्खाले दिएको विरासत हो। र, यसलाई जोगाउने काम हामी नव पिँढीको हो।'

पीडा के मा छैन् ? खाना पकाउँदा पनि पोलिन्छ। त्यसो भए खाना पकाउन छोडदिँदा हुन्छ ? वा बच्चालाई जन्म दिँदा त झन असहय पीडा हुन्छ। त्यसो भए बच्चा जन्माउनु पनि शोषण हो कि ?

यो पर्व सोहाग भाग्यको लागि हो। झन यो समयमा त हामी आफूलाई महारानी भन्दा कम ठान्दैनौं। न त घरको काम गर्न दिइन्छ। न कुचो छुन दिइन्छ। न त जुठो उठाउन। मात्र श्रृंगार गर्ने नयाँ नयाँ वस्त्र धारण, फूल टिप्न जाने, कथा सुन्ने र धेरै कुरा सिक्न पाउने।


झन फुल टिप्न साथीहरूसंग जाँदा विभिन्न लोक मैथिली गीतहरू गाउँदै बाटो बाटो डुल्दै फूल टिप्नुले बालपनको आभाष गराउने गरेको गुन्जाले बताइन।

पर्वमा शामिल नवविवाहिताहरू यो पर्वबाट हामीलाई खुलापनको आभाष त गराउँछ तर यसका साथै पारिवारिक लोकलाजको विषयमा समेत शिक्षा प्रदान गर्ने गरेको बताउँछिन्। मधुश्रावणी पर्व व्रतालुहरूलाई मनोरञ्जन प्रदान गर्नुका साथै जीवनोपयोगी शिक्षा दिने उत्कृष्ट पर्व हो।

वास्तवमा यो मधुश्रावणी शब्दकै एक रूप हो। यसमा दुई खण्ड हुन्छन्। एउटा मधु र अर्को श्रवण। 'मधु' फल-फूलबाट मधुमख्खी र 'भ्रमर' बाट सञ्चित गरिएको मधुको अर्थ दिन्छ भने श्रवणले बग्नुको अर्थ दिन्छ। मधुको सञ्चरण नै मधुश्रावणी हो।



# स्तरीय पुरक एस.ई. ई. परीक्षा, गुणस्तरीय उत्पादनमा जोड दिनुपर्ने



चन्द्रकिशोर प्रसाद साह

स्तरीय शिक्षा प्रदान गरी उच्च स्तरीय पुरक माध्यमिक शिक्षा परीक्षा (एस.ई.ई.) लिई गुणस्तरीय उत्पादनका लागि सवै सम्वद्ध पक्ष ऐक्यवद्ध हुनुपर्दछ। २०८० चैत्र १५ गतेदेखि भएको परीक्षामा सहभागी भएका र ग्रेड पाउन अयोग्य रहेका वा सो परीक्षामा अनुपस्थित भएका विद्यार्थीहरु चाँहि २०८१ श्रावण २३ गतेदेखि श्रावण २९ गतेसम्म साधारण र ३१ गतेसम्म प्राविधिकको एस.ई.ई. को पुरक ग्रेड सुधार परीक्षामा सहभागी हुन सक्छन्। पुरक एस.ई.ई. को सञ्चालन हुने समय विहान ११ बजेदेखि २ बजेसम्म तोकिएको छ। यस परीक्षामा आफ्नो नेपाली भाषालाई प्राथमिकता दिएको देखिदैन किनकि पहिलो दिनको परीक्षामा नेपाली नदिएर अङ्ग्रेजी विषय कायम गरिएको पाइन्छ।

जीवनको पहिलो खुड्किलो एस.ई.ई. प्रवेशिका परीक्षा चाँहि स्वच्छ, मर्यादित एवं चीटरहित हुनुपर्दछ। शिक्षाले देश विकास गराउनमा जोड दिने गर्दछ। यदि शिक्षामा विभिन्न विकृति विसंगति भित्रियो भने समाजमा अराजकता, हिंसा, भ्रष्टाचार बढ्ने गर्दछ। एस.ई.ई. मा ग्रेड सिस्टम लागू गरेपछि फलामे ढोका चाँहि सामान्य ढोका त बन्यो। तर शिक्षामा ह्रास चाँहि भित्रियो किनकि ग्रेड डी, ई बढी आउने थाले अनि शिक्षक पनि पढाउनमा लापरवाही गर्न थाले र साथै विद्यार्थीहरु पनि पढ्नमा रुचि घटाउन थाले। यसरी अचानक रिजल्टका बेला नन् ग्रेड अर्थात् फेल हुने सिस्टम लागू गरियो जसको फलस्वरुप यस वर्ष अचाक्ली रुपमा रिङ्जाममा दोब्बर, तेब्बर परीक्षार्थी, केन्द्रहरु बढेका हुन्। कतिपय विद्यालयहरुले रिजल्ट आउँदा सार्वजनिक रुपमा कार्यक्रमहरु गरेनन्। रिजल्टले बोर्डिङ्ग स्कुल्ज (संस्थागत विद्यालयहरु) को पनि दयनीय अवस्था झल्कियो। परीक्षामा बोर्डिङ्गहरुले गार्ड मिलाउने गरेकाले सोमाथि निगरानी बढाउनु पर्दछ। प्राइवेट तथा सरकारी विद्यालयका विद्यार्थीहरुको भर्ना सिस्टममा एकरुपता ल्याउनका लागि अनलाइन आईइमिस भर्ने प्रक्रिया लागू गरिए पनि धेरै हदसम्म सुधार हुने आँकलन गरिएको बताइन्छ।

कतिपय विद्यार्थीहरु संस्थागत विद्यालयबाट पढ्ने अनि परीक्षा चाँहि सामुदायिक (सरकारी) विद्यालयबाट दिने गरेका थिए। मधेशमा बढी चीट हुने गरेकाले पहाडबाट झर्ने गरेका थिए। परीक्षा केन्द्र चाँहि कुन विद्यालयको कहाँ पर्ने करिब अनुमानित भएकोले सोही अनुरुप चीट पुर्याउने उद्देश्यबाट ग्रसित भई पायक पर्ने विद्यालयमा भर्ना गर्ने गरिएको थियो। यस्तो विकृत, कुसोंचमा व्यापक रुपमा बढेकाले अचानक नन् ग्रेडबाट धेरै विद्यार्थीहरु मर्माहत् भए पनि आउने दिनका लागि सुधार हुने आशा गरिन्छ। यसबाट परीक्षाको मर्यादा बढ्ने र स्वच्छ वातावरण स्थापित गराउन सक्नु पर्दछ।

परीक्षा सम्वन्धमा यी कुराहरु कार्यान्वय गरिएमा परीक्षालाई स्तरीय बनाउन सहयोग पुग्ने देखिन्छ। चीट गर्नेगराउनेउपर १ लाख जरिवाना र ६ महिना कैद, परीक्षा केन्द्रवरिपरि १०० मिटर निषेधित क्षेत्र लागू, सक्कली, नक्कली प्रवेशपत्र माथि निगरानी, प्राविको ठाँउमा विषयगत निमावि/मावि स्तर शिक्षकलाई निरीक्षकमा प्रतिवन्ध, सम्वन्धित स्कुल, पालिकाका शिक्षकमाथि गार्डमा प्रतिवन्ध, व्यवस्थापन समिति पदाधिकारीलाई परीक्षा हलमा प्रतिवन्ध, मोबाइल फोनबाट शिक्षक निरीक्षक चीट चोरी गराउने भएकाले परीक्षाकेन्द्रमा मोबाइल फोनमाथि प्रतिवन्ध, सकभर गार्डमा शिक्षकको ठाउँमा कर्मचारी राख्दा अझ राम्रो हुने जस्ता प्रसंगमाथि ध्यान दिनुपर्दछ।



सवभन्दा कम सेवा दिनुपर्ने पेशा शिक्षण हो तापनि यसमा विभिन्न किसिमका भद्रगोल, लापरवाही देखिन्छ किनकि प्रायःजसो अन्तरजिल्ला सरुवा नहुने, समय मै तलब नपाइने, शिक्षक हड्ताल भइरहने, हाकिम, मेयर, अध्यक्ष, नेताहरुको चम्चागिरी गर्नुपर्ने, स्थानीय वा निजी श्रोतबाट आफन्त शिक्षक भर्ना गरिने आदि परम्परा विद्यमान देखिन्छ। २०८० देखि सरकारले क्याम्पसमा चलाउने गरिएको प्लस टु कार्यक्रमलाई बन्द गर्ने भनिए पनि लागू भएको पाइन्न। विगतमा विद्यालयहरुमा पाठ्यपुस्तक ढिलो पुग्ने गरेको भएपनि यस वर्षदेखि समयमै पुगेको थियो। तापनि कतिपय विद्यालयहरुमा विद्यालयको कमिकमजोरीका कारण ढिलो विद्यार्थीमाझ पुगेको हो। यस्तै शिक्षकहरुले आफ्ना छोराछोरीलाई बोर्डिङ्गमा पढाउने गरेका पनि सरकारी स्कुलको साख घटेको बताइन्छ। कुनै पनि देशको विकास निर्माण प्रकृयाको आधारशीला शिक्षा हो। तर शिक्षामै विकृति फैलिनु भनेको राष्ट्रको विकास निर्माणमा ह्रास आउनु हो। अतः शिक्षामा सुधार गरी आफ्नो सन्ततीको भविष्यलाई कर्णधारक बनाउन सवैको अहम् भूमिका हुनुपर्दछ। यदि खेतमा रोपिन्छ ईमली अनि सुन्तला कहिं फल्छ? अतः चोरीले पास गरिन्छ चोरै छोराछोरी जन्मिन्छन्। यहाँका विद्यालयहरुमा इन्टरनेट जडान भएको देखिन्छ। साथै कक्षाहरुमा क्याम्रा पनि जडान भएको पाइन्छ। कतिपय शिक्षकहरु चाँहि कक्षा समयमा मोबाइल फोन मै व्यस्त रहने गरेकाले लिजर घण्टी भैरहेको पाइन्छ। आजभोली शिक्षक, प्रअ सक्रिय भई परीक्षा केन्द्रमा बाहिर हीट अनि परीक्षा हलभित्र चीटचोरी फीट हुने भएकोले मर्यादित तुल्याउन सक्नु पर्दछ।

आजको युग भनेको टेक्निकल एजुकेशन (प्राविधिक शिक्षा) को समय हो। जेनरल शिक्षाले आजको प्रतिस्पर्धी अवस्थामा समायोजित गराउन सक्ने स्थिती देखिदैन। साथै सीपमूलक शिक्षामा जोड दिई प्राविधिक शिक्षा उत्पादनमा पनि ध्यान केन्द्रित हुनुपर्दछ। अहिले सामुदायिक विद्यालयमा अंग्रेजी माध्यम लागू गरी पठानपाठन गराउने कार्यलाई राम्रो मानिए पनि कतिपय विद्यालयहरुले शुल्क लिने गरेकाले त्यस कार्यलाई धेरैले आपत्ति जनाएको देखिन्छ। यसैगरी प्रतिकक्षा ४० जना भन्दा विद्यार्थी राख्नुलाई समुचित मानिदैन। तर दक्षिणी भेगमा ८० जना भन्दा बढी विद्यार्थीहरु राखिन्छ। सामुदायिक विद्यालयले नेपाली माध्यमका पढाईमा त्यति ध्यान नदिने तर अंग्रेजी माध्यममा बढी ध्यानाकृष्ट गर्ने गरेको बताइन्छ किनकि संस्थागत विद्यालयजस्तै अलगबाट प्राइवेट तरिकाले पैसा लिने गरिएकोले प्राइवेट तरिकाले कक्षा सञ्चालन गरिन्छ। जेभए पनि नेपाली माध्यम र अंग्रेजी माध्यमका विद्यार्थीहरुबीच काँखापाखा हुनुहुँदैन। दुवैमा एकरुपता हुनुपर्दछ। केवल अंग्रेजी माध्यमको नाममा पैसा असुल्ने कार्य हुनुहुँदैन र गुणस्तरीयता पनि ल्याउन सक्नुपर्दछ। नत्र यहाँ नेपाली माध्यमका भन्दा बढी चीटचोरीमा अंग्रेजी माध्यमका विद्यार्थीहरु संलग्न हुन्छन्। गरिब, कमजोरका छोराछोरी नेपाली माध्यममा बढी पढ्ने गरेकाले त्यस्ता कक्षाहरुलाई उपेक्षा गरिनु समुचित देखिदैन। संस्थागत विद्यालयका पुस्तकहरुमा पनि एकरुपता ल्याउनुपर्दछ।

एस.ई.ई. पुरक ग्रेड वृद्धि प्रवेशिका परीक्षालाई स्वच्छ, चीटरहित एवं भयरहित तुल्याउनका लागि सवै सम्वद्ध निकाय, शिक्षकवर्ग, परीक्षार्थी, अभिभावकवर्ग, शिक्षान्यायप्रेमी महानुभावहरुको अहम भूमिका हुनुपर्दछ।

# मन्त्रीस्तरीय बिम्स्टेक सम्मेलनमा भागलिन मन्त्री भण्डारी भारत प्रस्थान

काठमाण्डु । उद्योग, वाणिज्य तथा आपूर्तिमन्त्री दामोदर भण्डारी भारतको तीनदिने औपचारिक भ्रमणका क्रममा मंगलबार नयाँदिल्ली प्रस्थान गर्नुभएको छ ।

कन्फेडेरेसन अफ इन्डियन इन्डष्ट्रीज्ले विदेश मन्त्रालयसँगको सहकार्यमा मंगलबारदेखि आयोजना गरेको बहुक्षेत्रीय प्राविधिक तथा आर्थिक विकासका लागि बङ्गाल खाडीको प्रयास (बिम्स्टेक) व्यापार शिखर सम्मेलनमा सहभागी हुन उहाँ त्यसतर्फ प्रस्थान गर्नुभएको हो । सम्मेलन बिहीबारसम्म सञ्चालन हुनेछ ।



सम्मेलनका क्रममा नेपालका तर्फबाट बिम्स्टेकबाट नेपालको व्यापार व्यवसाय प्रवर्द्धनमा लिन सकिने फाइदा र भारतसँगको व्यावसायिक हितका विषयमा छलफल गरिने मन्त्री भण्डारीको निजी सचिवालयले जनाएको छ ।सम्मेलनमा मन्त्री भण्डारीको उपस्थितिले नेपालका लागि दक्षिण एसिसाली र पूर्वी एसियाली क्षेत्रीय सौविध्यपूर्ण बजार पहुँच अभिवृद्धि, नेपालको स्तरोन्नति पश्चात नेपालले बजार पहुँच सुविधा गुमाउने सन्दर्भमा नयाँ क्षेत्रीय बजारमा सौविध्यपूर्ण बजार पहुँच प्राप्त हुने र नोक्सानी न्यूनीकरणमा सहयोग पुग्ने अपेक्षा गरिएको छ ।

नेपाली वस्तु निर्यातका लागि बजार वृद्धि हुने, क्षेत्रीय मूल्य श्रृंखलामा आबद्धता अभिवृद्धि हुनसक्ने, व्यापार सहजीकरण भन्सार सहयोग र व्यापार तथा ‘ लजिष्टिक्स’ लागत न्यूनीकरण हुनसक्ने, क्षेत्रीय लगानी आप्रवाह बढ्नसक्ने, पर्यटन आप्रवाहमा वृद्धि हुनसक्ने, सूचना प्रविधि सेवा लगायतका सेवा निर्यात अभिवृद्धि हुनसक्ने नेपालका तर्फबाट अपेक्षा गरिएको छ ।रासस

# वर्तमान सरकार क्रियाशील छः उपप्रधानमन्त्री सिंह

काठमाण्डु । उपप्रधानमन्त्री एवं सहरी विकासमन्त्री प्रकाशमान सिंहले वर्तमान सरकार देशको विकासका लागि प्रभावकारी ढङ्गले काम गर्ने उद्देश्यले गठन भएको बताउनुभएको छ ।

सहरी विकास मन्त्रालयमा मंगलबार सञ्चारकर्मीसँग कुरा गर्दै उहाँले बारम्बार सरकार परिवर्तनले जनतामा निराशा बढ्दै गएका बेला उनीहरूमा सकारात्मक सन्देश प्रवाह गर्ने देशका दुई ठूला दलले सत्ता साझेदारी गरेका बताउनुभयो । उपप्रधानमन्त्री सिंहले भन्नुभयो, “सरकारको राजनीतिक सन्देश जनजीविकाका सवालमा प्रभावकारी काम गर्नुपर्छ भन्ने छ ।” फरक प्रसङ्गमा उहाँले सहरी क्षेत्रका समस्या समाधानका लागि सुधारका धेरै काम गर्नुपर्ने आवश्यकता रहेको बताउँदै त्यसका लागि नीतिगत सुधार र परिणाम देखिने गरी काम गर्ने प्रतिबद्धता व्यक्त गर्नुभयो । साथै उहाँले फोहरमैला व्यवस्थापन, खुला क्षेत्र, सडक, यातायात व्यवस्थापनलगायत क्षेत्रमा प्रभावकारी रुपमा काम गर्ने उल्लेख गर्नुभयो ।




कार्यक्रममा उक्त मन्त्रालयका निमित्त सचिव पद्मकुमार मैनालीले मन्त्रालयबाट हालसम्म भएका कामबारे जानकारी दिनुभएको थियो ।रासस

# भ्रष्टाचार नियन्त्रणको प्रतिबद्धतामा सरकार दृढ छः प्रधानमन्त्री ओली



काठमाण्डु । प्रधानमन्त्री केपी शर्मा ओलीले जुनसुकै किसिमका भ्रष्टाचार रोकथाम, नियन्त्रण र अन्त्य गर्ने प्रतिबद्धतामा सरकार दृढ रहेको बताउनुभएको छ ।

प्रतिनिधिसभा राज्य व्यवस्था तथा सुशासन समितिको मंगलबारको बैठकमा भ्रष्टाचार निवारण ऐन २०५९ को संशोधनको उद्देश्य र कारणबारे प्रस्ट्याउँदै उहाँले भ्रष्टाचार निर्मूल गर्न वर्तमान सरकार प्रतिबद्ध रहेको दोहोऱ्याउनुभयो।प्रधानमन्त्रीओलीले भन्नुभयो, “भ्रष्टाचारप्रतिको शून्य सहनशीलता सरकारको नीति हो, ‘समृद्ध नेपाल, सुखी नेपाली’को राष्ट्रिय आकाङ्क्षा पूरा गर्न भ्रष्टाचार नियन्त्रण अनिवार्य छ । म भ्रष्टाचार गर्दिनँ, अरूलाई पनि गर्न दिन्न ।”

भ्रष्टाचार नियन्त्रण तथा सुशासन कायम गर्न ऐन संशोधन आवश्यक भएको जनाउँदै प्रधानमन्त्रीले मुलुकलाई समृद्धिको बाटोमा अघि बढाउनु आफ्नो लक्ष्य भएको बताउनुभयो । देश र जनतालाई केन्द्रमा राखेर सरकार क्रियाशील रहेको बताउँदै प्रधानमन्त्री ओलीले सामाजिक न्यायको सुनिश्चितता र शान्तिसुरक्षा कायम गर्नु सरकारको पहिलो जिम्मेवारी हो भन्नुभयो । उहाँले भन्नुभयो, “यो सरकार प्रतिशोधका लागि बनेको होइन, आर्थिक विकास यसको लक्ष्य हो । कसैलाई दुःख दिने मनसाय छैन । भ्रष्टाचार गर्नेको अनुहार हेर्दिैन ।” प्रधानमन्त्री ओलीले कानुनको दृष्टिमा सबै बराबर हुन भन्ने मान्यता स्थापित गर्न सरकार लागिपरेको बताउनुभयो ।रासस

## विकास समिति सभापति भण्डारीद्वारा कार्य प्रगति सार्वजनिक

कर्णाली । कर्णाली प्रदेशसभा सामाजिक विकास समितिका सभापति घनश्याम भण्डारीले आफ्नो नेतृत्वमा भएका कार्य प्रगति सार्वजनिक गर्नुभएको छ ।

उहाँले वीरेन्द्रनगर सुर्खेतस्थित समितिको कार्यालयमा आज पत्रकार भेटघाट कार्यक्रममार्फत् विसं २०८० जेठ १४ गते सभापतिमा निर्वाचित भएदेखि विसं २०८१ साउन १९ गतेसम्मको कार्य प्रगति सार्वजनिक गर्नुभएको हो । उहाँले सो अवधिमा २७ बैठक सम्पन्न भई विभिन्न जिल्लामा संसदीय अनुगमन, निगरानी, अन्तरक्रिया तथा सार्वजनिक सुनुवाइ कार्यक्रम गरिएको बताउनुभयो ।

उहाँले भन्नुभयो, “नीति तथा कार्यक्रम, स्रोत परिचालन, व्यवस्थापन र अन्य क्रियाकलापको मूल्याङ्कन गरी आवश्यक निर्देशनसहितको वार्षिक प्रतिवेदन बैठकमा पेस गर्ने व्यवस्था बमोजिम समितिले सम्बन्धित सरोकारवाला निकायलाई १५ भन्दा बढी निर्देशन दिइएको छ, दिइएका निर्देशनहरु सरकारले



कार्यान्वयनमा ल्याएको अवस्था छ ।”

कार्य क्षेत्रभित्रपर्ने मन्त्रालय, आयोग र निकायसँग सम्बन्धित विधेयकमाथि दफावार छलफल गरी सोको प्रतिवेदन प्रदेशसभामा पेस गर्ने व्यवस्था बमोजिम यो अवधिमा समितिले सरकारले खेलकुद विकास ऐनलाई संशोधन गर्न बनेको विधेयक उपर चार बैठक बसी अन्तिम पटक मन्त्रालयले विधेयक फिर्ता गर्न पठाइएका पत्रका आधारमा समितिबाट प्रतिवेदनसहित सभामा पेस गर्ने निर्णय भएको उहाँले बताउनुभयो ।

उहाँका अनुसार आन्तरिक कार्य सञ्चालन कार्यविधि र कानुनको उत्तरविधायिकी परीक्षण, अध्ययन तथा अनुसन्धानसम्बन्धी कार्यविधि २०८१, निर्माण गरिएको छ । भण्डारीका अनुसार कर्णाली प्रदेशसभा नियमावली २०७९ को नियम १५४ बमोजिम गठन हुने चार विषयगत समितिमा यस समितिको कार्य क्षेत्रअन्तर्गत सामाजिक विकास, भूमि व्यवस्था, कृषि तथा सहकारी मन्त्रालय, श्रम, सामाजिक न्याय र मानव अधिकारसम्बन्धी विषय रहेका छन् ।रासस

# ‘मिडिया काउन्सिल’लाई ‘आमसञ्चार परिषद्’ मा परिवर्तन गर्ने सहमति

काठमाण्डु । सञ्चार, तथा सूचना प्रविधिमन्त्री पृथ्वीसुब्बा गुरुङले मिडिया काउन्सिल विधेयकको नाम आमसञ्चार परिषद्मा परिवर्तन गर्न आफू सकारात्मक रहेको बताउनुभएको छ। साथै उहाँले नाम परिवर्तनमा आफ्नो विमति नरहेको स्पष्ट गर्नुभएको छ ।

राष्ट्रियसभा, विधायन व्यवस्थापन समितिको मंगलबारको बैठकमा ‘मिडिया काउन्सिल विधेयक’लाई ‘ जयन्तीदेवी राईले नेपाली भाषाको संरक्षण गर्ने उद्देश्यले सांसदहरुले विधेयकको नाम आमसञ्चार परिषद् राख्नुपर्नेमा सबै सदस्यले जोड दिएका सुनाउनुभयो । त्यसअघि सांसद मदनकुमारी शाह( गरिमा) ले नेपाली भाषाको संरक्षण गर्नु राज्यको दायित्व भएकाले विधेयकको नाम नेपाली नै हुनुपर्ने संशोधन प्रस्ताव दर्ता गर्नुभएको थियो ।

समितिका सदस्यहरू बेदुराम भुसाल, गङ्गाकुमारी बेलबासे,




आमसञ्चार परिषद्’ का रूपमा नामकरण गर्न उहाँले समर्थन जनाउनुभएको हो । उहाँले भन्नुभयो,“मिडिया काउन्सिलको सट्टा आमसञ्चार परिषद् राख्नु उपयुक्त हुन्छ ।”सञ्चार, तथा सूचना प्रविधि मन्त्रालयका सचिव राधिका अर्यालको समेत उपस्थिति रहेको बैठकका सहभागीले विधेयकको नाम नेपाली हुनुपर्ने माग गर्नुभएको थियो ।

सचिव अर्यालले ‘ मिडिया काउन्सिल’ प्रचलित रहेकाले यो असान्दर्भिक नहुने बताउनुभयो । यद्यपि उहाँले नेपाली नामप्रति असहमति जनाउनु भएन । समितिका सभापति सुमित्रा बिसी, सुरेश आलेमगर, युवराज शर्माले विधेयकको नाम नेपालीमा राख्नुपर्ने बताउनुभएको थियोभने अर्का सदस्य कृष्णप्रसाद सिटौलाले मिडिया काउन्सिल पदावली विश्वभर स्थापित प्रचलित भएकाले त्यो पनि अमान्य नहुने तर्क गर्नुभएको थियो । समितिका अर्का सदस्य नारायणदत्त भट्टले मिडिया काउन्सिल पनि मान्य हुने बताउनुभएको थियो । विधेयकमा काउन्सिलको सिफारिस समिति छनोट, अध्यक्ष छनोट, उपभोक्ता संख्या, उमेरको हदबन्दीलगायत विषयमा सबैको एउटै मत छैन ।रासस

# लघुवित्तपीडितका समस्या समाधानका लागि विकल्पसहितको प्रतिवेदन पेस

काठमाण्डु।लघुवित्तपीडितहरुको समस्या समाधानका लागि गठित कार्यदलले सरकारलाई प्रतिवेदन बुझाएको छ । नेपाल राष्ट्र बैंकका डेपुटी गभर्नर डा निलम ढुङ्गाना तिम्सिनाको संयोजकत्वमा गठित कार्यदलले आज उपप्रधानमन्त्री एवं अर्थमन्त्री विष्णुप्रसाद पौडेललाई प्रतिवेदन बुझाएको हो ।



प्रतिवेदनमा सरकारबाट हुनुपर्ने सम्बोधन, नेपाल राष्ट्र बैंक, लघुवित्त वित्तीय संस्था र लघुवित्तीय संस्थाका सदस्यहरुले गर्नुपर्ने कार्यबारे सुझाव दिइएको छ । कसरकारले गर्नुपर्ने कार्यमा बचत तथा ऋण सहकारी संस्था तथा लघुवित्त संस्थाबाट लिएको कर्जाका कारण लघुवित्त वित्तीय संस्थाका ऋणीहरुलाई कठिनाइ भएको गुनासो रहेको सन्दर्भमा बचत तथा ऋण सहकारी संस्थाबाट हुने वित्तीय कारोबारलाई व्यवस्थित गर्न आवश्यक व्यवस्था गर्ने उल्लेख छ ।

यसैगरी नेपाल राष्ट्र बैंकबाट स्वीकृत प्राप्त वित्तीय संस्थाबाट बाहेक लघुवित्त कार्यक्रमका नामबाट अन्य कुनै पनि संस्थाहरुले लघुवित्तसम्बन्धी कारोबार गर्न नपाइने व्यवस्था गर्ने लगायत छन् ।नेपाल राष्ट्र बैंकहरुले गर्नुपर्ने नीतिगत व्यवस्थाबारे सम्बन्धित लघुवित्त वित्तीय संस्थाहरुलाई हाल कर्जा नियमित नभएका तथा समस्यामा परेका भनिएका आ-आफ्ना ऋणीहरुको तथ्याङ्क सङ्कलन गरी नियतवश कर्जा नतिरेका तथा वास्तविक रुपमै समस्यामा परेका ऋणीहरु यकिन गरी अधिकतम ६० दिनभित्र नेपाल राष्ट्र बैंक समक्ष पेश गर्न निर्देशन दिनेलगायत सुझाव छन् ।

लघुवित्त वित्तीय संस्थाहरुले गर्नुपर्ने कार्यमा समयमा कर्जाको साँवा ब्याज तथा नियमित बचत जम्मा नगर्ने सदस्यहरुलाई ताकेता गर्ने नाममा कार्यस्थलको वातावरण बिगार्ने गरी दबाब तथा मानसिक यातना नदिने व्यवस्था मिलाउन प्रतिवेदनले सुझाव दिएको छ ।

त्यसैगरी, लघुवित्त वित्तीय संस्थाका सदस्यहरुले पालना गर्नुपर्ने कार्यमा एक संस्थाबाट मात्र कर्जा उपयोग गर्ने, जुन प्रयोजनका लागि कर्जा लिएको हो सोही प्रयोजनमा मात्र प्रयोग गर्ने तथा उक्त परियोजनाबाट भएको नगद प्रवाहबाट नियमित रुपमा किस्ता तिर्नेलगायतका सुझाव छन् ।प्रतिवेदन बुझ्नुहुँदै अर्थमन्त्री पौडेलले प्रतिवेदनमा दिइएका सुझाव कार्यान्वयनका लागि सबैसँग समन्वय गर्ने र सरकारले गर्नुपर्ने सुझावहरुको औचित्य हेरेर कार्ययोजना बनाएर काम गर्ने बताउनुभयो ।

नेपाल राष्ट्र बैंकका डेपुटी गभर्नर डा तिम्सिनाले वित्तीय साक्षरता कार्यक्रमलाई प्रभावकारी रुपमा अघि बढाउन आवश्यक भएको बताउनुभयो ।प्रतिवेदनअनुसार २०८० साल चैत्र मसान्तसम्म ५५ वटा लघुवित्त वित्तीय संस्था सञ्चालनमा रहेकोमा तीन वटा थोक कर्जा प्रदायक संस्था र बाँकी ५२ वटा खुद्रा कर्जा प्रवाह गर्ने लघुवित्त संस्था छन् । यी लघुवित्त वित्तीय संस्थाहरुले रु चार खर्ब ५३ अर्ब ११ करोड कुल प्रवाह गरेका छन् । कुल बचत रु एक खर्ब ७२ अर्ब ६६ करोड र सापटी रकम रु दुई खर्ब २७ अर्ब ६१ करोड छ ।

लघुवित्त क्षेत्रमा देखिएको समस्या समाधान गर्न अर्थ मन्त्रालयको वित्तीय क्षेत्र व्यवस्थापन तथा संस्थान समन्वय महाशाखाका प्रमुखको संयोजकत्वमा गठित वार्ता समिति र लघुवित्त तथा वित्तीय संस्था पीडितका प्रतिनिधिबीच २०८० साल चैत्र २ गते अर्थमन्त्रालयमा छ बुँदे सहमति भएको थियो । त्यसैदिन लघुवित्त पीडितहरुको समस्या समाधानका लागि विकल्पसहितको प्रतिवेदन पेस गर्न नेपाल राष्ट्र बैंकका डेपुटी गभर्नर डा तिम्सिनाको संयोजकत्वमा सात सदस्यीय कार्यदल गठन गरिएको थियो ।रासस

# सहकारी बचत रकम हिनामिनासम्बन्धी संसदीय छानबिन विशेष समितिले प्रतिवेदन तयार पार्दै

काठमाण्डु । सहकारी संस्थाको बचत रकम दुरुपयोग सम्बन्धमा छानबिन गर्न गठित संसदीय विशेष समितिले दुई महिनाको अवधिमा गरेका अध्ययन र छानबिन प्रक्रिया टुङ्गाएर प्रतिवेदन लेखन प्रक्रिया अगाडि बढाएको छ ।

सभापति सूर्यबहादुर थापा क्षेत्रीले संसदीय छानबिन विशेष समितिले हालसम्म सरोकार भएका विभिन्न निकायसँग ३३ पटक छलफल गरेको जानकारी दिनुहुँदै अब केही व्यक्तिसँग सोधपुछ गरी प्रतिवेदनलाई अन्तिम रूप दिने कार्य सँगसँगै अगाडि बढाउने बताउनुभयो । “समितिले छानबिनका लागि कार्यादेश पाएका २९ वटा सहकारी संस्थाका २६ जना व्यक्तिसँग सोधपुछ गर्ने र प्रतिवेदन मस्यौदा तयार पार्ने काम सँगसँगै अघि बढाउँछौँ”, उहाँले भन्नुभयो,



“समितिको प्रतिवेदन पारदर्शी, जवाफदेही र विश्वसनीय बनाउन सबै सत्य तथ्य खोज्छौँ ।”

समस्याग्रस्त घोषणा भएका २० र विवादित नौगरी २९ वटा सहकारीको अध्ययन गर्ने कार्यादेश समितिले पाएको छ ।

तीमध्ये केही सहकारीको वित्तीय विवरण पनि विश्लेषण गरिने थापाले जानकारी दिनुभयो । सहकारीको सिद्धान्त, मूल्यमान्यता पालना नगर्दा अधिकांश संस्थामा समस्या देखिएको र केहि सहकारी संस्थामा भने सङ्गठित रूपमै ठगी भएको देखिएको पनि उहाँले बताउनुभयो ।

समस्याग्रस्त घोषणा गरिएका र बचत रकम हिनामिना भएर छानबिनको लागि समितिको कार्यादेशभित्र अटाएका २९ सहकारीका २० जना फरार छन् । सूर्यदर्शन बचत तथा ऋण सहकारी संस्थाको रकम हिनामिना प्रकरणबारे पनि समितिले छानबिन गरिरहेको छ । उक्त संस्थाका अध्यक्ष गितेन्द्रबाबु (जीबी) राई फरार छन् ।

समितिले गरेको अनुसन्धानका क्रममा राई मलेसियाबाट नेपाल फर्किएको विवरण भेटिएको तर नेपालबाट बाहिरिएको विवरण भने नभेटिएको सभापति थापाले बताउनुभयो ।

समितिले आज संसदीय मामिला पत्रकार समाज, नेपाल आर्थिक पत्रकार समाज (सेजन), सहकारी पत्रकार समाज (सिजेएन) र आर्थिक पत्रकार सङ्घ (नाफिज) सँग छानबिन र अध्ययन प्रक्रियालाई कसरी अगाडि बढाउने भन्नेबारे सुझाव लिएको छ ।रासस

# “तीन विधेयक अधिवेशनमा पेस गर्नेगरी तयारी गरौँ”

काठमाण्डु । कानुन, न्याय तथा संसदीय मामिलामन्त्री अजयकुमार चौरसियाले सदनको यही अधिवेशनमा तीन विधेयक पेस गर्नेगरी अघि बढाउन आग्रह गर्नुभएको छ ।



प्रतिनिधिसभाअन्तर्गत कानुन, न्याय तथा मानव अधिकार समितिले विधायन सम्बन्धमा व्यवस्था गर्न बनेको विधेयकमाथिको मंगलबारदेखि प्रारम्भ भएको छलफलमा उहाँले समितिमा विचाराधीन रहेका सङ्क्रमणकालीन न्यायसम्बन्धी विधेयक, केही नेपाल ऐनलाई संशोधन गर्न बनेको विधेयक र विधायन सम्बन्धमा व्यवस्था गर्न बनेको विधेयक संसद्को यही अधिवेशनमा पास गर्नेगरी अगाडि बढाउन आग्रह गर्नुभयो ।

मन्त्री चौरसियाले कानुन बनाउने व्यवस्थालाई व्यवस्थित बनाउनका विधायनसम्बन्धी विधेयक ल्याएको र उक्त विधेयक जटिसक्दो चाँडो छलफल गरेर टुङ्ग्याउनुपर्नेमा जोड दिनुभयो ।

समितिको बैठकमा राष्ट्रियसभाबाट आएको विधायन सम्बन्धमा व्यवस्था गर्न बनेको विधेयकमाथिको छलफलमा सुरु भएको हो । समितिले यही साउन २९ गतेसम्म निरन्तर बैठक बसेर विधेयकमाथिको छलफल अघि बढाउने सहमति गरेको छ । उक्त विधेयकहरूमाथि छलफल गर्न समितिको बैठक बुधबार पुनः ११ बजे बस्नेछ ।रासस

# बङ्गलादेशका पूर्वप्रधानमन्त्री जिया रिहा

एएफपी

ढाका । बङ्गलादेशका पूर्वप्रधानमन्त्री खालिदा जियालाई वर्षौंको नजरबन्दबाट रिहा गरिएको छ ।

जियालाई उहाँका कट्टर शत्रु शेख हसिनालाई प्रधानमन्त्री पदबाट अपदस्थ गरेपछि र प्रदर्शनकारीहरूले उहाँको घरमा आक्रमण गरेपछि रिहा गरिएको हो । प्रदर्शनकारीहरूको विरोधपछि हसिना मुलुक छाडेर भाग्नुभएको छ । दुई महिलाबीचको उग्र प्रतिद्वन्द्विताले मुस्लिम-बहुल राष्ट्रमा दशकौंदेखि राजनीतिलाई परिभाषित गरेको छ । अठहत्तर वर्षीया जियालाई हसिनाको शासनकालमा सन् २०१८ मा भ्रष्टाचारको आरोपमा १७ वर्षको कारागार सजाय सुनाइएको थियो ।

छयत्तर वर्षीय हसिनालाई जनप्रदर्शनपछि सोमबार अपदस्थ गरिएको थियो । सेना प्रमुखले अन्तरिम सरकार बनाउने घोषणा गर्नुभयो । त्यसपछि जियालगायत विरोध प्रदर्शनका कैदीहरूलाई रिहा गर्ने आदेश जारी गरिएको थियो । जिया प्रमुख विपक्षी बङ्गलादेश नेशनल पार्टी (बिएनपी) को अध्यक्ष हुनुहुन्छ । पार्टी प्रवक्ता ए.के.एम वहिदुज्जमानले मङ्गलबार भन्नुभयो, “अब उहाँ रिहा हुनुभएको छ ।”जियाको स्वास्थ्य अवस्था खराब छ । गठिया रोग, मधुमेह र कलेजो सिरोसिसको बिरामी उहाँ ह्विलचेयर प्रयोग गर्नुहुन्छ ।

**दशकौ लामो झगडा**

जिया र हसिनाबीचको दुश्मनीलाई बङ्गलादेशमा ‘बेगमहरूको लडाइँ’ को नामले जानिन्छ । ‘बेगम’ दक्षिण एसियामा शक्तिशाली महिलाहरूका लागि मुस्लिम सम्मान हो । उहाँहरूबीचको झगडाको जरा सन् १९७५ को सैन्य विद्रोहमा हसिनाका पिता तथा मुलुकका संस्थापक नेता शेख मुजिबुर रहमान, उहाँकी आमा, तीन भाइ र अन्य आफन्तहरूको हत्यासँग जोडिएको छ ।

त्यसबेला जियाका श्रीमान् जियाउर रहमान उपसेना प्रमुख हुनुहुन्थ्यो र तीन महिनापछि उहाँले प्रभावकारीरूपमा सत्ता हातमा लिनुभएको थियो । रहमानले गरिबीले ग्रस्त बङ्गलादेशमा निजीकरणका साथ आर्थिक सुधारको प्रारम्भ गर्नुभएको थियो तर सन् १९८१ मा अर्को सैन्य विद्रोहमा उहाँको हत्या गरिएको थियो । उक्त समयमा दुई जवान छोराकी ३५ वर्षीया विधवा जियालाई बिएनपीको जिम्मेबारी प्राप्त भयो । आलोचकहरूले राजनीतिकरूपमा अनुभवहीन गृहिणीका रूपमा उहाँको जिम्मेबारीलाई खारेज गरेका थिए ।

जियाले तानाशाह हुसेन मोमम्मद एर्शादविरुद्ध विरोध प्रदर्शनको नेतृत्व गर्नुभयो र सन् १९८६ मा नकली निर्वाचनको बहिष्कार गर्दै सडकमा विरोध प्रदर्शन गर्नुभयो । उहाँ र हसिना सन् १९९० मा विरोध प्रदर्शनको लहरमा एर्शादलाई सत्ताच्यूत गर्न एकजुट हुनुभयो र त्यसपछि बङ्गलादेशको पहिलो स्वतन्त्र निर्वाचनमा उहाँहरू आमनेसामने हुनुभयो । जियाले सन् १९९१ देखि सन् १९९६ सम्म निर्वाचन जित्नुभयो र सरकारको नेतृत्व गर्नुभयो । त्यसपछि सन् २००१ देखि सन् २००६ सम्म सत्ता सम्हाल्नुभयो । उहाँ र हसिनाले पटकपटक सत्ताको नेतृत्व गर्नुभयो ।

**आपसी वैमनस्य**

सन् २००७ को राजनीतिक सङ्कटका लागि उहाँहरूबीचको आपसी वैमनस्यलाई दोषी मानिएको थियो । यसबाट सेनालाई आपत्कालीन शासन लागू गर्न र कार्यवाहक सरकार गठन गर्न प्रेरित गरेको थियो । दुवैलाई एक वर्षभन्दा बढी समयसम्म हिरासतमा राखिएको थियो ।

हसिनाले सन् २००८ डिसेम्बरमा भारी मतका साथ निर्वाचन जित्नुभयो र सोमबार हेलिकप्टरबाट भारत पलायन हुनुअघिसम्म निर्बाध सरकारको नेतृत्व गर्नुभयो । उहाँले बिएनपीका हजारौं सदस्यलाई पक्राउ गरेर सत्तामाथिको नियन्त्रणलाई बलियो बनाउनुभएको थियो । सयौं मानिस बेपत्तासमेत भए । जियालाई सन् २०१८ मा भ्रष्टाचारको आरोपमा दोषी ठहर गरियो र कारागार पठाइयो । यसलाई उहाँको पार्टीले राजनीतिक रूपमा प्रेरित भन्दै खारेज गर्यो । पछि राजनीतिमा भाग नलिने र उपचारका लागि विदेश नजाने सर्तमा उहाँलाई घरमै जनरबन्दमा राखिएको थियो ।

**छोरा निर्वासनमा**

सन् १९९० को दशकको प्रारम्भमा बङ्गलादेशको अर्थतन्त्रलाई उदारीकरण गरेकामा जियाको पहिलो मन्त्रिपरिषद्को प्रशंसा गरिएको थियो । यसबाट दशकौंको वृद्धिलाई बढावा दिएको छ ।

यद्यपि इस्लामवादी-सहयोगी गठबन्धनका प्रमुखका रूपमा उहाँको दोस्रो कार्यकाल उहाँको सरकार र छोराहरू विरुद्ध भ्रष्टाचारको आरोपले चिनिएको थियो । बङ्गलादेशमाइस्लामवादीआक्रमणकोशृत्त ला पनि भयो र एक आक्रमणमा २० भन्दा धेरै मानिस मारिए र हसिना आक्रमणबाट मुस्किलले बच्यो ।जियाले गठन गर्नुभएको अपराध विरोधी र्यापिड एक्सन बटालियन प्रहरी एकाइमाथि सयौं गैरन्यायिक हत्याको आरोप छ ।

जिया कारागारमा हुनुहुँदा उहाँका जेठो छोरा तारिक रहमानले लन्डनमा निर्वासनबाट बिएनपीको नेतृत्व गर्नुभयो तर सन् २००४ मा हसिनाको र्यालीमाथि भएको बम हमलामा कथित भूमिकाका लागि उहाँलाई उहाँको अनुपस्थितिमा दोषी ठहर गरियो र आजीवन कारागारको सजाय सुनाइयो । बिएनपीले उक्त आरोप जियाको वंशलाई राजनीतिबाट निष्कासन गर्न राजनीतिक रूपमा प्रेरित प्रयास भएको बताएको थियो ।

**बङ्गलादेशमा रिहा भएका राजनीतिक बन्दीहरूको पर्खाइमा परिवार**

बङ्गलादेशमा पूर्व प्रधानमन्त्री शेख हसिनाको शासनकालमा गोप्य रूपमा बन्दी बनाइएका राजनीतिक व्यक्तीहरु मङ्गलबार रिहा भएसँगै उनीहरुको परिवार आफ्ना आफन्तको खबरका लागि पर्खिरहेका छन् ।

“हामीलाई जवाफ चाहिन्छ”, हसिनाको सुरक्षा बलले हिरासतमा लिएका मानिसहरूको रिहाईको माग गर्दै अभियान चलाइरहेको “आमाहरूको आह्वान” समूहका संयोजक सन्जिदा इस्लाम तुलीले भन्नुभयो । अधिकारकर्मीहरुले हसिनाको सुरक्षा बलले विशेष गरी प्रमुख विपक्षी दल बङ्गलादेश नेसनलिस्ट पार्टी (बिएनपी) र देशको सबैभन्दा ठूलो इस्लामवादी पार्टी ’जमात-ए-इस्लामी’का कार्यकर्तासहित लगभग ६०० जनालाई अपहरण गरी बेपत्ता पारेको आरोप लगाएका छन् ।

टुलीले बताएअनुसार कम्तिमा २० परिवारहरू बन्दी बनाइएको आफन्तको खबरको प्रतिक्षामा उत्तरी ढाकामा रहेको सैन्य गुप्तचर बलको भवन बाहिर भेला भएका छन् ।सेना प्रमुख जनरल वाकर-उज-जमानले सोमबार हसिनाले हप्तौंको विरोध प्रदर्शनपछि राजीनामा दिएको र सेनाले अन्तरिम सरकार गठन गर्ने बताउनुभएको हो । हसिनाको राजीनामाको केही घण्टापछि राष्ट्रपति मोहम्मद साहाबुद्दिन र सेना प्रमुखको भेटवार्तापछि विद्यार्थीहरूको विरोध प्रदर्शनका क्रममा पक्राउ परेका सबैलाई रिहा गर्ने साथै प्रमुख विपक्षी नेता खालिदा जियालाई पनि मुक्त गर्ने निर्णय भएको थियो ।

बङ्गलादेश नेसनलिस्ट पार्टी (बिएनपी) का अध्यक्ष ७८ वर्षीय पूर्व प्रधानमन्त्री जियालाई सन् २०१८ मा भ्रष्टाचारको आरोपमा १७ वर्षको जेल सजाय सुनाएपछि नजरबन्दमा राखिएको थियो । विपक्षी कार्यकर्ता र वकिल अहमद बिन कासेम पनि मङ्गलबार रिहा हुनुभएको हो । “उहाँलाई आज बिहान गोप्य नजरबन्दबाट रिहा गरिएको छ”, पारिवारिक साथी र आफन्त मासुम खलिलीले बताउनुभयो ।

हसिनाको सुरक्षा बललाई दशौं हजार विपक्षी कार्यकर्तालाई गैरकानुनी हिरासतमा राखिएको, सयौंको गैरन्यायिक हत्या गरिएको साथै विपक्षी नेता र समर्थकलाई बेपत्ता पारेको आरोप लगाइएको छ । सन् २००९ मा हसिना सत्तामा आएपछि ६०० भन्दा बढी मानिस बेपत्ता पारिएको जसमध्ये लगभग १०० जना अझैपनि बेपत्ता रहेको ह्युमन राइट्स वाचले गत वर्ष बताएको थियो । हसिनाको सरकारले बेपत्ता र गैरन्यायिक हत्याको आरोप अस्वीकार गर्दै आएको छ ।

**बङ्गलादेशका राष्ट्रपतिद्वारा संसद विघटन**

बङ्गलादेशका राष्ट्रपति मोहम्मद साहाबुद्दिनले विद्यार्थी आन्दोलनको प्रमुख मागलाई सम्बोधन गर्दै मङ्गलबार संसद विगठन गर्नुभएको छ । “राष्ट्रपतिले संसद विघटन गर्नुभएको छ”, राष्ट्रपति मोहम्मद साहाबुद्दिनका प्रेस सचिव सिप्लु जमानले बताउनुभयो ।

बङ्गलादेशमा सरकारी जागिरमा आरक्षण (कोटा) प्रणालीको विरोध गर्दै बिद्यार्थी समूहले सुरू गरेको आन्दोलनले सफलताको उत्कर्ष पार गर्दै प्रधानमन्त्री हसिनालाई राजिनामा दिन बाध्य बनाएको हो । बङ्गलादेशमा आएको राजनैतिक परिवर्तनपछि सोमबार राति नै राष्ट्रपति मोहम्मद साहाबुद्दिनले सेना प्रमुख वाकर-उज-जमानलाई अन्तरिम सरकार गठन गर्न स्वीकृति प्रदान गर्नुभएको हो ।

प्रधानमन्त्री शेख हसिनाको राजीनामापछि विद्यार्थी आन्दोलनका नेताहरूले बङ्लादेशको वर्तमान रानजनैतिक अवस्थालाई सम्बोधन गर्न नोबेल पुरस्कार विजेता डा मुहम्मद युनुसलाई अन्तरिम सरकारको नेतृत्व गर्न प्रस्ताव गरेको ढाका ट्रिब्यूनले जनाएको छ ।

**बङ्गलादेशमा नोबेल पुरस्कार विजेता युनुसलाई अन्तरिम सरकारको नेतृत्व गर्न आह्ववान**

प्रधानमन्त्री शेख हसिनाको राजीनामापछि विद्यार्थी आन्दोलनका नेताहरूले बङ्लादेशको वर्तमान रानजनैतिक अवस्थालाई सम्बोधन गर्न नोबेल पुरस्कार विजेता डा मुहम्मद युनुसलाई अन्तरिम सरकारको नेतृत्व गर्न प्रस्ताव गरेको ढाका ट्रिब्यूनले जनाएको छ ।

प्रमुख विद्यार्थी नेता नाहिद इस्लाम, आसिफ महमुद र अबु बकर मजूमदारले मङ्गलबार भिडियो सन्देशमार्फत यस्तो घोषणा गरेका हुन् । ट्रिब्यूनका अनुसार विद्यार्थी नेता नाहिदले सोमबार राति २४ घण्टाभित्र अन्तरिम सरकारको रूपरेखा तयार गरिने घोषणा गर्नुभएको थियो ।

बङ्गलादेशमा सरकारी जागिरमा आरक्षण (कोटा) प्रणालीको विरोध गर्दै बिद्यार्थी समूहले सुरू गरेको आन्दोलनले सफलताको उत्कर्ष पार गर्दै प्रधानमन्त्री हसिनालाई राजिनामा दिन बाध्य बनाएको हो । बङ्गलादेशमा आएको राजनैतिक परिवर्तनपछि सोमबार राति नै राष्ट्रपति मोहम्मद साहाबुद्दिनले सेना प्रमुख वाकर-उज-जमानलाई अन्तरिम सरकार गठन गर्न स्वीकृति प्रदान गर्नुभएको हो । यसैबीच, बङ्लादेश नेसनलिस्ट पार्टी (बिएनपी) का महासचिव मिर्जा फक्रुल इस्लाम आलमगीरले आफ्नो पार्टीका कार्यवाहक अध्यक्ष तारिक रहमान चाँडै नै देश फर्कने घोषणा गर्नुभएको छ ।

महासचिव मिर्जा फक्रुलले हसिना सरकारले नेता तारिक रहमानलाई झुटो मुद्दामा अन्यायपूर्ण रूपमा निर्वासित गरिएको जनाउदै उहाँले आन्दोलनलाई समर्थन गरेको र तुरुन्तै स्वदेश फिर्ता हुने आशा व्यक्त गर्नुभयो । मिर्जा फक्रुलले आफ्ना पार्टी नेता बेगम खालिदा जियालाई समेत तुरुन्तै रिहा गर्ने निर्णय गरिएको उल्लेख गर्दै राजनीतिक कारणले जेलमा परेका अन्य व्यक्तिलाई पनि रिहा गर्ने जनाउनुभयो ।



> बङ्गलादेश नेसनलिस्ट पार्टी (बिएनपी) का अध्यक्ष ७८ वर्षीय पूर्व प्रधानमन्त्री जियालाई सन् २०१८ मा भ्रष्टाचारको आरोपमा १७ वर्षको जेल सजाय सुनाएपछि नजरबन्दमा राखिएको थियो ।

# पेरिस ओलम्पिक : अमेरिका २१ स्वर्णसहित शीर्ष स्थानमा

एएफपी

पेरिस ।सोमबारका विभिन्न स्पर्धापछि पेरिस ओलम्पिक खेलमा अमेरिकाले २१ स्वर्ण, ३० रजत र २८कास्यसहित सबैभन्दा बढी ७९ पदकसहित अङ्क तालिकामा शीर्ष स्थानमा रहेको छ । चीन, फ्रान्स, अष्ट्रेलिया, बेलायत, दक्षिण कोरिया, जापान, इटाली, नेदरल्याण्ड र जर्मनी क्रमशः शीर्ष १० स्थानमा रहेका छन् ।

दोस्रोमा चीनले २१ स्वर्ण, १८ रजत र १४ कास्यसहित कुल ५३ पदक हात पारेको छ भने फ्रान्सले १३ स्वर्ण, १६ रजत र १९ कास्य पदकसहित कुल ४८ पदक जित्दै अहिलेसम्मको पदक तालिकामा तेस्रो स्थान हासिल गरेको छ ।

त्यसैगरी, चौँथो स्थानमा रहेको अष्ट्रेलियाले १३ स्वर्ण, १२ रजत र आठ कास्यसहित ३३ पदक जितेको छ भने पाँचौ स्थानमा बेलायतले १२ स्वर्ण, १३ रजत र १७ कास्यसहित कुल ४२ पदक जितेको छ । पदक तालिकामा छैठौं स्थानमा रहेको दक्षिण कोरियाले ११ स्वर्ण, आठ रजत र सात कास्यसहित कुल २६ पदक जितेको छ भने जापानले १० स्वर्ण, पाँच रजत र ११ कास्यसहित २६ पदक जित्दै सातौं स्थानमा रहन सफल भएको छ ।



आठौं स्थानमा रहेको इटालीले नौ स्वर्ण, १० रजत र छ कास्यसहित कुल २५ पदक जितेको छ भने नेदरल्यान्डसले सात स्वर्ण, पाँच रजत र पाँच कास्यसहित कुल १७ पदक जित्दै नवौं स्थानमा रहेको छ । जर्मनीले सात स्वर्ण, पाँच रजत र चार कास्यसहित कुल १६ पदक जितेर शीर्ष दशमध्ये अन्तिम स्थानमा पर्न सफल भएको छ ।

# राष्ट्रपति उम्मेदवारका रुपमा ह्यारिसलाई पार्टीबाट औपचारिक अनुमोदन प्राप्त

एपी

वासिङ्टन । अमेरिकीउपराष्ट्रपतिकमलाह्यारिसले सोमबार डेमोक्र्याटिक पार्टीको तर्फबाट राष्ट्रपतीय उम्मेदवारका रुपमा औपचारिक अनुमोदन प्राप्त गर्नुभएको छ । ह्यारिस पार्टीको तर्फबाट नेतृत्व गर्ने पहिलो महिला एपीले जनाएको छ । ‘डेमोक्र्याटिक नेसनल कन्भेन्सन’का प्रतिनिधिहरुको पाँच दिने अनलाइन मतदान सोमबार समाप्त भएपछि ह्यारिसले आधिकारिक मनोनयन प्राप्त गर्नुभएको हो । डेमोक्र्याटिक पार्टीले जारी गरेको विज्ञप्तिका अनुसार ९९ प्रतिशत प्रतिनिधिले ह्यारिसको पक्षमा मतदान



र पूर्वराष्ट्रपति ओबामा पछिको दास्रो अश्वयत उम्मेदवार हुनुहुन्छ । राष्ट्रपति जो बाइडेनले अचानक आफ्नो उम्मेदवारी फिर्ता गरी ह्यारिसलाई समर्थन जनाउनुभएको थियो । ह्यारिसले पार्टीको तर्फबाट राष्ट्रपति उम्मेदवारको रुपमा औपचारिक अनुमोदन प्राप्त गर्न आवश्यक प्रक्रिया अगाडी बढाउनुभएको थियो ।

डेमोक्र्याटिक पार्टीबाट उम्मेदवार बन्न एक हजार ९७६ प्रतिनिधिको समर्थन चाहिन्छ । जसमध्ये दुई हजार ५७९ ले उहाँलाई समर्थन गरेको गरेका थिए ।


बाइडेनले राष्ट्रपतीय उम्मेदवारी फिर्ता लिएपछि ‘एपी-एनओरसी सेन्टर फर पब्लिक अफेयर्स’ ले गरेको रिसर्च पोलमा ४६ प्रतिशत अमेरिकीको ह्यारिसप्रति अनुकूल दृष्टिकोण रहेको पाइएको छ भने समान सङ्ख्याको उहाँको उम्मेदवारीप्रति प्रतिकुल धारणा रहेको छ । यद्यपी धेरै डेमोक्र्याटहरुले बाईडेनको तुलनामा ह्यारिसको उम्मेदवारीबाट सन्तुष्ट रहेको धारण व्यक्त गरेका छन् ।रासस

# हमास नेताबारे मलेसियाली प्रधानमन्त्रीको पोस्ट हटाएपछि मेटाले माफी माग्यो

एएफपी

क्वालालम्पुर । हमासका नेता इस्माइल हानियाको हत्याबारे मलेसियी प्रधानमन्त्री अनवर इब्राहिमको सामाजिक सञ्जाल पोस्ट हटाएकोमा टेक जायन्ट कम्पनी मेटाले मङ्गलबार माफी मागेको छ ।

अनवरको कार्यालयले मेटा प्रतिनिधिलाई हनियाको मृत्युबारे प्रधानमन्त्रीको फेसबुक र इन्स्टाग्राम पोस्ट हटाएकोमा स्पष्टीकरण माग गरेको एकदिन पछि मेटाले माफी मागेको हो । मेटा दुई लोकप्रिय सामाजिक सञ्जाल ‘फेसबुक र इन्स्टाग्राम’को मूल हो ।




“प्रधानमन्त्रीको फेसबुक र इन्स्टाग्राम पेजबाट उहाँको पोस्ट हटाइएकोमा हामी क्षमाप्राथी छौँ”, मेटाले एक विज्ञप्तीमार्फत जनाएको छ । “प्रधानमन्त्रीको उक्त पोस्ट पछि सही समाचार योग्य लेबलको साथ पुनर्स्थापित गरिएको छ।”

अनवरको पोस्टमा हामासका एक अधिकारीसँगको फोनवार्तामा हानियाको मृत्युमा शोक व्यक्त गरेको भिडियो समावेश रहेको थियो । प्यालेस्टिनी सशस्त्र समूह हमासका वरिष्ठ राजनीतिक नेता इस्माइल हानियाको इरानी राजधानी तेहरानमा मृत्यु भएको हो ।अन्वरले साझा गरेको पोस्ट “खतरनाक व्यक्ति र संस्थाहरू” सँगको सम्बन्धका कारण इन्स्टाग्राममा हटाइएको थियो । अनवरको कार्यालयले मेटाको यो कदमलाई “स्वतन्त्र अभिव्यक्तिको दमन” को रूपमा वर्णन गर्दै माफी माग गरेको थियो ।

# वेस्ट बैङ्कमा आठ जनाको मृत्यु

एएफपी

जेनिन ।इजरायली सेनाले उत्तरी वेस्ट बैङ्कमा मङ्गलबार गरेको दुईवटा छुट्टैछुट्टै आक्रमणमा आठ जनाको मृत्यु भएको प्यालेस्टिनी अधिकारीहरूले बताएका छन् । इजरायली सेनाको आक्रमणमा जेनिन क्षेत्रमा चार र टुबास जिल्लामा चार गरी आठ जनाको मृत्यु भएको प्यालेस्टिनी रेड क्रिसेन्ट र रमल्लाहको स्वास्थ्य मन्त्रालयले जनाएको छ ।


इजरायली सेनाले विमानमार्फत जेनिन क्षेत्रमा प्रहार गरेको रिपोर्ट गरेको छ । यद्यपि हताहतको भने कुनै विवरण दिएको छैन ।अकाबाका बासिन्दाहरूले इजरायली सेनाले बिहानै अमिद घानामको घरलाई घेरेपछि सेना र प्यालेस्टिनी युवाहरूबीच झडप भएको बताएका छन् ।

झडपमा घानाम र अन्य दुई जनाको मृत्यु भएको र अर्का किशोरको अस्पताल लैजाने क्रममा मृत्यु भएको तुबासका गभर्नर अहमद असदले बताउनुभयो । रासस

# हिरोसिमामा बम आक्रमणको ७९औँ वर्ष पुरा

एएफपी

टोकियो । जापानको हिरोसिमा सहरमा भएको परमाणु बम आक्रमणको ७९औँ वार्षिकोत्सवको अवसरमा आयोजित सम्मेलनमा युक्रेन र गाजामा भएको युद्धले विश्वव्यापी रूपमा डर र अविश्वासलाई गहिरो बनाएको हिरोसिमाका मेयरले मङ्गलबार बताउनुभएको छ ।



काजुमी मात्सुईले सन् १९४५ अगस्ट ६ मा जापानी सहर हिरोसिमामा लगभग १ लाख ४० हजाको ज्यान जाने गरी भएको अमेरिकी परमाणु बम आक्रमण पीडितहरूको सम्झनामा आयोजित स्मृति कार्यक्रममा शोकपूर्ण भाषण दिनुभएको हो ।

“युक्रेनमा रुसको आक्रमण र इजरायल र प्यालेस्टाइनबिचको बिग्रँदै गएको अवस्थाले अनगिन्ती निर्दोष मानिसहरूको ज्यान लिइरहेको छ र सामान्य मानिसको जीवनलाई ध्वस्त पारेको छ”, उहाँले भन्नुभयो । “यी विश्वव्यापी त्रासदीले राष्ट्रहरूबिच अविश्वास र डरलाई गहिरो बनाइरहेका छन्, जसले अन्तर्राष्ट्रिय समस्या समाधान गर्न हामी सैन्य शक्तिमा भर पर्नुपर्छ भन्ने धारणालाई बलियो बनाउँछ ।”सन् १९४५ मा हिरोसिमामा आक्रमण गरेको केही दिनपछि अमेरिकीले दक्षिणपश्चिम जापानको नागासाकीमा दोस्रो परमाणु बम प्रहार गरेको थियो जसमा करिब ७४ हजार मानिसहरुको ज्यान गएको थियो ।

यी दुई बम आक्रमणपछि दोस्रो विश्वयुद्धको अन्त्य भएको थियो । युद्धमा परमाणु बम प्रयोग गरिएको यो पहिलो घटना हो ।मङ्गलबार आयोजित समारोहमा प्रधानमन्त्री फुमियो किशिदासहित अन्य व्यक्तीहरुले पीडितको सम्झनामा हिरोसिमा स्मारकमा रहेको शिलालेखमा माल्यार्पण गर्नुभयो ।युक्रेन सङ्कटका कारण लगातार तेस्रो वर्ष रुस र बेलारुसलाई समारोहमा आमन्त्रित गरिएको थिएन ।

प्यालेस्टिनी लडाकु समूह हमासले देशमा गरेको आक्रमणपछि गत वर्ष इजरायलले गाजामा सैन्य आक्रमण सुरु गरेपछि यो जापानी सहरमा आयोजित पहिलो शान्ति स्मारक हो । समारोहमा सधैँजसो इजरायली राजदूतको उपस्थिति थियो तर हिरोशिमाले प्यालेस्टिनी प्रतिनिधिलाई आमन्त्रित नगरेको स्थानीय सञ्चारमाध्यमले जनाएको छ । सहरकाएकअधिकारीलेबताएअनुसार हिरोशिमाले इजरायललाई दिएको निमन्त्रणा पत्रमा “सकेसम्म चाँडो युद्धविराम र वार्ताको माध्यमबाट समाधान” को आह्वान गरेको थियो ।

# नेप्से परिसूचकमा उच्च अङ्कले गिरावट

काठमाण्डु । धितोपत्र बजारमा शेयर कारोबार मापक नेप्से परिसूचक मंगलबार उच्च



अङ्कले ओरालो लागेको छ।

नेपाल स्टक एक्सचेन्जका अनुसार नेप्से परिसूचक एक सय ४५ दशमलव शून्य पाँच अङ्कले ओरालो लागेर दुई हजार छ सय ५१ मा सीमित भएको छ । कारोबार भएका १३ वटा उपसमूहको शेयर मूल्यमा गिरावट आएको छ । ठूला कम्पनीको कारोबार मापन गर्ने सेन्सेटिभ परिसूचक २७ दशमलव २२ अङ्कले ओरालो लागेर चार सय ६४ दशमलव ५६ मा सीमित भएको छ।

कुल पाँच करोड ३८ लाख ४४ हजार दुई सय ३७ कित्ता शेयर रु २३ अर्ब ७१ करोड ६७ लाख १६ हजार आठ सय ७४ मूल्यमा कारोबार भयो । नेप्सेका अनुसार घटेको बजारमा थ्री स्टार हाइड्रोपावरको शेयर मूल्यमा १० प्रतिशतले वृद्धि भई सकारात्मक सर्किट लागेको छ। कुर्थली बुखरी स्मल हाइड्रोपावर नौ दशमलव ९७, लक्ष्मी भ्याल्यू फण्ड दोस्रो तीन दशमलव ९४, मेघा म्युचुअल फण्ड पहिलो तीन दशमलव ८१ र रुरु जलविद्युत् परियोजनाका लगानीकर्ताले तीन दशमलव १६ प्रतिशतले कमाएका छन्।

नेपाल फाइनान्स,गुर्खाज फाइनान्स, सेन्ट्रल फाइनान्स,पञ्चकन्या माइ हाइड्रो पावर र एनआरएन इन्फास्ट्रक्चरको शेयर मूल्यमा १० प्रतिशतले वृद्धि भई सकारात्मक सर्किट लागेको छ ।रँसस

# छाला उद्योगको दुर्गन्धले बिरामी हुन थालेपछि स्थानीय आन्दोलित



धरान । सुनसरीको दुहबी नगरपालिका-६ मा सञ्चालित दुईवटा छाला उद्योगबाट निस्कने दुर्गन्धले बिरामी पर्न थालेपछि स्थानीयवासी आन्दोलित बनेका छन् ।

यहाँ सञ्चालित युनाइटेड टेनराइज र एसियन लेदर उद्योगबाट निस्कने दुर्गन्धले बस्तीबाटै विस्थापित हुनुपर्ने अवस्था आएको भन्दै स्थानीयहरु उद्योगविरुद्ध आन्दोलित बनेका हुन्।

छाला प्रशोधन तथा भण्डारण उपयुक्त नभएकाले ती उद्योगबाट वरिपरिका बस्तीमा दुर्गन्ध फैलिने गरेको स्थानीय कुन्दन पासवानले बताउनुभयो । उहाँले भन्नुभयो, "उद्योगले त्यहाँबाट निस्कने फोहरको ढल नजिकै रहेको बूढी खोलामा मिसाउने गरेको छभने राँगा तथा भैंसीको छाला उद्योग कम्पाउन्डमै खुल्ला सुकाउँदा दुर्गन्ध फैलिने गरेको छ।"

उद्योगबाट निस्कने दुर्गन्धले घरमा पाहुना आउन नमान्ने अर्का स्थानीय मोहम्मद सलमानले बताउनुभयो । प्रदूषण फैलाउने कारखाना बन्द गराउन माग गर्दै आन्दोलित स्थानीयले सम्बन्धित निकायहरुमा उजुरी दिएका छन् । दुहबी नगरपालिकाको न्यायिक समितिमा स्थानीयले दिएको उजुरीपछि उपप्रमुख सहितको टोलीले मंगलबार उद्योगको अनुगमन गरेको नगर उपप्रमुख मेनुका पोखरेल खतिवडाले बताउनुभयो। अनुगमनका क्रममा दुर्गन्धित रूपमा सञ्चालित उद्योग मापदण्ड विपरीत पाइएको उहाँले जानकारी दिनुभयो।

उहाँले भन्नुभयो, "उद्योग लापरबाही किसिमले सञ्चालनमा रहेछ । दुर्गन्ध फैलिएर स्थानीय आजित बनेकाले कारबाही गर्नुको विकल्प छैन ।" उद्योगमा ताला लगाउने अधिकार स्थानीय तहलाई नभएकाले माथिल्लो निकायमा समन्वय गर्ने उहाँको भनाइ छ । अनुगमनका क्रममा उद्योग सञ्चालकलाई भेट्न नसकिएको र अहिलेसम्म सम्पर्कमा नआएको उहाँले बताउनुभयो । उद्योगको कागजपत्र समेत चुस्त दुरुस्त नराखिएको तथा नवीकरण र कर समेत नतिरेकाले सञ्चालकलाई कार्यालयमा आउन निर्देशन दिएको उपप्रमुख खतिवडाले बताउनुभयो । २० वर्षदेखि सञ्चालनमा रहेका ती उद्योग बीचमा बन्द हुँदै फेरि सञ्चालनमा ल्याउने गरेको सुनसरी दुहबी-६ का वडाअध्यक्ष घनश्याम हलुवाईले बताउनुभयो। विगतमा पनि मापदण्डविपरीत सञ्चालन गरेकाले ती उद्योगलाई जरिवाना गरिएको थियो ।रासस

> २० वर्षदेखि सञ्चालनमा रहेका ती उद्योग बीचमा बन्द हुँदै फेरि सञ्चालनमाल्याउनेगरेकोसुनसरी दुहबी-६ का वडाअध्यक्ष घनश्याम हलुवाईले बताउनुभयो । विगतमा पनि मापदण्डविपरीत सञ्चालन गरेकाले ती उद्योगलाई जरिवाना गरिएको थियो ।

# काँक्रोको बीउ बचेर दुई करोड आम्दानी

पर्वत। जलजला गाउँपालिका-७ धाइरिङका किसानले काँक्रोको बीउ बिक्री गरेर रु दुई करोड भित्र्याउन सफल भएका छन्।

व्यावसायिक रुपमा तरकारी उत्पादनमा सक्रिय सल्यान गाउँका करिब ७० घरधुरीले काँक्रोको बीउ उत्पादन गरेका हुन् । उनीहरुले भक्तपुर लोकल जातको काँक्रोखेती गरेका थिए। यसवर्ष यहाँ करिब दुई हजार किलोभन्दा बढी काँक्रोको बीउ उत्पादन भएको अगुवा किसान एकनारायण पौडेलले जानकारी दिनुभयो।

गत वर्षभन्दा यसवर्ष उत्पादित बीउले राम्रो मूल्य पाएको उहाँले बताउनुभयो । यहाँका किसानले विगत दुई दशकदेखि व्यावसायिक रुपमा काँक्रोको बीउ उत्पादन गर्दै आएका छन् । पौडेलले भन्नुभयो, "गतवर्ष प्रति किलो रु पाँच हजारदेखि रु छ हजारमा बिक्री भएकामा यसपटक मूल्य बढेर रु १० सङ्कलन गरेर एक हजार किलो काठमाडौंस्थित न्यू ग्रेसको सिट सप्लायर्सलाई पठाइएको किसान पौडेलले बताउनुभयो । पौडेलका साथै वडाध्यक्ष टुङ्गनाथ आचार्य, स्थानीय गोपाल आचार्य, इन्द्र पौडेलले गाउँमा उत्पादन भएको बीउ सङ्कलन गरेर बिक्रीका लागि काठमाडौं, पोखरा र बेनी पठाउने गर्नुहुन्छ।

स्थानीय नवराज शर्मा यसवर्ष गाउँभरिमा सबैभन्दा धेरै ९७ किलो काँक्रोको बीउ उत्पादन गरेर रु नौ लाख ७० हजार आम्दानी गर्न सफल हुनुभएको छ। उत्पादन भएको काँक्रोको बीउले राम्रो मूल्य पाएपछि किसान उत्साहित भएका छन्। यहाँका किसानले २० वर्षदेखि निरन्तर रुपमा काँक्रो र गोलभेडाको बीउ उत्पादन गरेर गाउँमा रु दुईदेखि रु तीन करोडसम्म भित्र्याउने गरेका छन्।

पछिल्ला केही वर्षयता काँक्रो र गोलभेडाको बीउले राम्रो मूल्य



हजारदेखि दश हजार पाँच सयसम्ममा बिक्री भयो"। व्यवसायीहरुले गाउँमै आएर बीउ खरिद गर्ने गरेको उहाँको भनाइ छ । काँक्रोको बीउ बिक्री गरेर यसवर्ष थोरैमा रु तीन लाखदेखि धेरै आम्दानी गर्नेले रु दश लाखसम्म आम्दानी गरेको उहाँको भनाइ छ । राम्रो मौसम परेकाले यसपाली सल्यानको फाँटमा काँक्रोको बीउ उत्पादन राम्रो भएको किसान बलराम आचार्यले बताउनुभयो।

किसान आचार्यले भन्नुभयो, "गतवर्ष ४० किलो उत्पादन भएकामा यस वर्ष ७५ किलो उत्पादन गरेँ "। प्रतिकिलो रु दश हजारका दरले बिक्री गर्दा रु सात लाख ५० हजार आम्दानी भएको उहाँको भनाइ छ । यहाँ उत्पादन भएको काँक्रोको बीउ पाउन थालेपछि विदेश पुगेका युवासमेत गाउँ फर्किएर कृषि खेतीमा लागेको युवा किसान टेकनारायण आचार्यले बताउनुभयो । तरकारी र बीउ उत्पादनको पकेट क्षेत्र रहेको धाइरिङका किसानले व्यावसायिक रुपमा ताजा तरकारी उत्पादन गरेर पनि राम्रो आम्दानी लिने गरेका छन्।

यहाँ उत्पादन भएको तरकारी छिमेकी जिल्ला म्याग्दीको सदरमुकाम बेनी, मुस्ताङ, बागलुङ, कुस्मा र पोखरासम्म पुग्ने गर्दछ। ताजा तरकारी र बीउ उत्पादन गरेर यहाँका किसानको जीवनस्तरमा सकरात्मक परिवर्तन भएको जलजला-७ का वडाध्यक्ष टुङ्गनाथ आचार्यको भनाइ छ । बीउबाहेक यहाँ मौसमी तथा बेमौसमी तरकारीको पनि व्यावसायिक खेती हुने गरेको छ। रासस

# एक वर्षमा ५३ करोड मूल्यको गोलिया काठ बिक्री

तेह्रथुम । यहाँबाट आर्थिक वर्ष २०८०/८१ मा रु ५३ करोड मूल्य बराबरको गोलिया काठ निर्यात भएको छ। गोलिया काठ निर्यातबापत सङ्घीय सरकारलाई रु सात करोड ३१ लाख ६९ हजार मूल्य अभिवृद्धि कर सङ्कलन भएको छभने रु ७८ लाख ८५ हजार तीन सय प्रदेश सेवा शुल्कबापत राजस्व सङ्कलन भएको छ।



गत आर्थिक वर्षको १२ महिनामा तेह्रथुमका निजी वनबाट २६ लाख ४१ हजार एक सय ८६ क्युफिट गोलिया काठ जिल्लाबाहिर निर्यात भएको डिभिजन वन कार्यालयका निमित्त डिभिजनल प्रमुख उधिमप्रसाद राईले बताउनुभयो। उहाँका अनुसार निर्यात भएका सबै गोलियालाई सरकारी दरमा हिसाब गर्दा त्यति मूल्यको पर्ने देखिन्छ। "बाहिर बजारमा सरकारी दरभन्दा बढीमा पनि कारोबार हुने भएकाले हामीले हिसाब गरेकोभन्दा अझै बढी मूल्यको गोलिया हुन जान्छ।" निर्यात हुने गोलियामा ९० प्रतिशत 'बी' ग्रेडका उतिसका रूख हुने गर्छन्। गोलियाको गुणस्तर अनुसार 'ए' ग्रेड र 'बी' ग्रेडमा छुट्याइएको छ। त्यसमा काठ व्यवसायीले 'ए' ग्रेडको उतिसको ४५ रुपैयाँ ५० पैसा प्रति क्युफिट मूल्य अभिवृद्धि कर तिरेका छन्भने 'बी' ग्रेडको ३२ रुपैयाँ ५० पैसा तिरेका छन्।

पछिल्लो समय वैदेशिक रोजगारी तथा अन्य कारणले तेह्रथुमका गाउँगाउँका जनसङ्ख्या घट्दो छ। बाँझिएका खेतबारीमा आफैं उम्रिने रूखहरु आठ-दश वर्षमा गोलिया बेच्न लायक हुने गरेको वन पैदावार व्यवसायी सङ्घका अध्यक्ष उत्तम लिम्बूले बताउनुभयो । उहाँले सो व्यवसाय गरेर स्थानीय १२ जनालाई रोजगारी दिइरहनुभएको बताउनुभयो । यहाँबाट निर्यात हुने गोलिया काठमा सबैभन्दा बढी उतिस रहेको भने केही मात्रामा चिलाउने, मलातो, पात्ले रहेको छ।

त्यसैगरी, राष्ट्रिय वनको गैरकाष्ठ वन पैदावार जडीबुटी गत आर्थिक वर्षमा २४ हजार छ सय किलो यहाँबाट निर्यात भएको छ । त्यसबाट मूल्य अभिवृद्धि करबापत रु ३३ हजार सात सय सङ्कलन भएको छ । तेह्रथुमबाट निर्यात हुने जडीबुटीहरुमा मजिटो, चिराइतो, लोक्तालगायत रहेका छन्।रासस

# चरा तथा जैविक विविधता संरक्षण अभियान

कञ्चनपुर । चरा तथा जैविक विविधता संरक्षणका लागि कञ्चनपुरमा अभियान सञ्चालन गरिएको छ।



नेपाल पन्छी संरक्षण सङ्घ (विसिएन)ले बेलौरी, पुनर्वास नगरपालिका, बेलडाँडी र लालझाडी गाउँपालिकामा चरा संरक्षणका लागि युवा सञ्जाल, विद्यालय शिक्षा, स्थानीय समुदाय, जनप्रतिनिधिसँग छलफल, गोष्ठी र तालिमसँगै सचेतना कार्यक्रम सञ्चालन गरेको हो।

लोपोन्मुख चरा संरक्षण गर्न अभियान थालिएको सङ्घका कार्यक्रम सञ्चालक हिरुलाल डगौराले बताउनुभयो । "जैविक विविधता संरक्षणमा जोड दिँदै चरा र वातावरणको सम्बन्धका बारेमा जानकारी दिँदै आएका छौँ", उहाँले भन्नुभयो, "युवा, स्थानीय समुदायलाई चराको महत्वका बारेमा बुझाउँदै हिँडेका छौँ।" जैविक विविधता जोगाउन नसक्दा पारिस्थितिक प्रणालीमा असर परी चराहरु सङ्कटमा परेको उहाँले बताउनुभयो।

जलवायुमा हुँदै आएको परिवर्तन, प्राकृतिक सम्पदाको अधिक दोहन, कृषिमा अत्यधिक मात्रामा प्रयोग हुँदै आएको रासायनिक मल र विषादीले चराहरु सङ्कटमा पर्दै गएको उहाँको बुझाइ छ। "चरा संरक्षण गर्न जैविक विवधता जोगाउन आवश्यक छ", उहाँले भन्नुभयो, "जैविक विविधता जोगिए मात्रै चराको अस्तित्व रहन्छ।"

अति दुर्लभ खरमजुरको संरक्षणका लागि शुक्लाफाँटा राष्ट्रिय निकुञ्ज बाहिरको क्षेत्र उल्टनपुर, नन्दगाउँ, किसान मध्यवर्ती क्षेत्रमा घाँसेमैदान व्यवस्थापन गरिएको उहाँले जानकारी दिनुभयो ।प्रजननको समयमा खरमजुर निकुञ्जको भित्री भागमा रहेको घाँसेमैदानमा आउने भए पनि त्यसपछिको समय निकुञ्ज बाहिरका घाँसेमैदानमा बिताउने गर्दछन् । बासस्थान पुनः स्थापना र सुधार गर्न बाह्य क्षेत्रको घाँसेमैदान व्यवस्थापन गरिएको डगौराले बताउनुभयो।

सन् २०२३ को गणनाअनुसार यहाँ खरमजुरको सङ्ख्या पाँच मात्रै रहेको थियो । उहाँका अनुसार कञ्चनपुरमा पाइने कालो गरुड, राजधनेश, सारस, सेतो गरुडलगायत लोपोन्मुख अवस्थाका चरा संरक्षण गर्न समुदायलाई सचेत गरिँदै आएको छ ।पछिल्ला केही वर्षयता जलवायु प्रदूषणका कारण जलपन्छीको बासस्थान र आहारामा कमी आएको उहाँको भनाइ छ । "बेलौरी क्षेत्रकै पुरैना ताल जलपन्छीका लागि प्रख्यात छ", चरा संरक्षणकर्मी रहनुभएका डगौराले भन्नुभयो, "अतिक्रमणको चपेटामा पर्दै गएको र पुरिँदै जान थालेको काललाई जोगाई चरा पर्यटन क्षेत्रका रुपमा यसलाई विकसित गर्न सकिन्छ, यसका लागि स्थानीय तहले चासो दिनुपर्छ।"

चरा तथा जैविक विविधता संरक्षणको अभियानमा ऐक्यबद्धता जनाउनुभएका कुण्डा सव डिभिजन वन कार्यालय प्रमुख दिनेशकुमार यादवले चराका आठ सय ९१ प्रजाति नेपालमा पाइने गरेकामा जसमध्ये एक सय ६८ प्रजाति सङ्कटमा रहेको जानकारी दिनुभयो। उहाँका अनुसार कञ्चनपुरमा मात्रै चराका चार सय बढी प्रजाति पाइन्छन् ।"चराको बासस्थान जोगाउन निकै चुनौती छ," उहाँले भन्नुभयो, "पछिल्ला केही वर्षदेखि वन क्षेत्रमा लाग्ने डढेलोले चराको बासस्थानमा असर पुगेको छ, चराको बासस्थान जोगाउन डढेलो लाग्न दिन हुन्न।" तालतलैया, सिमसार क्षेत्र जोगाउनु उत्तिकै महत्वपूर्ण हुने उहाँको भनाइ छ।

उहाँका अनुसार राष्ट्रिय निकुञ्ज तथा वन्यजन्तु संरक्षण ऐन २०२९ अनुसार संरक्षित पन्छी सिकार गरी मारेमा वा घाइते बनाएमा रु १५ हजारदेखि रु ३० हजारसम्म जरिवाना वा तीन महिनादेखि नौ महिनासम्म कैद वा दुवै सजाय हुने व्यवस्था छ ।सोही ऐनअनुसार राष्ट्रिय निकुञ्ज, वन्यजन्तु आरक्ष, संरक्षण क्षेत्र वा मध्यवर्ती क्षेत्रभित्र अनुज्ञापत्र नलिई संरक्षित पन्छीबाहेक अन्य पन्छी सिकार गरेमा वा घाइते बनाएमा रु २० हजारदेखि रु ५० हजारसम्म जरिवाना वा छ महिनादेखि एक वर्षसम्म कैद वा दुवै सजाय हुने प्रावधान छ।

जनचेतनाका कारण हाल चरा सिकारमा निकै कमी आएको बेलौरीस्थित अमर स्मृति सामुदायिक वनका अध्यक्ष खडकबहादुर चौधरी बताउनुहुन्छ । "चरा र जैविक विविधता संरक्षण अभियान घर र टोलसम्म पुग्न थालेपछि स्थानीय बासिन्दा चराको महत्व बुझ्दै गएका छन्," उहाँले भन्नुभयो, "चराले पुऱ्याउने फाइदाबारे बुझ्ने अवसर पाएका छन् ।" यस कार्यक्रमलाई अझै प्रभावकारी बनाउनुपर्नेमा उहाँको जोड छ। चरा तथा जैविक विविधता संरक्षणका लागि विसिएनलाई अमेरिकी सहयोग नियोग (युएसआइडी)को जल जङ्गल परियोजनाअन्तर्गत आर्थिक सहयोग रहेको छ ।रासस

> "चरा र जैविक विविधता संरक्षण अभियान घर र टोलसम्म पुग्न थालेपछि स्थानीय बासिन्दा चराको महत्व बुझ्दै गएका छन्," उहाँले भन्नुभयो, "चराले पुऱ्याउने फाइदाबारे बुझ्ने अवसर पाएका छन् ।" यस कार्यक्रमलाई अझै प्रभावकारी बनाउनुपर्नेमा उहाँको जोड छ । चरा तथा जैविक विविधता संरक्षणका लागि विसिएनलाई अमेरिकी सहयोग नियोग (युएसआइडी)को जल जङ्गल परियोजनाअन्तर्गत आर्थिक सहयोग रहेको छ ।


## मुखियापट्टी मुसहरनियाँ गाउँपालिका
## गाउँ कार्यपालिकाको कार्यालय
तुलसीयाही जब्दी, धनुषा
मधेश प्रदेश, नेपाल

## मौजुदा सूची दर्ता गराउने सम्बन्धी सूचना

**प्रथम पटक प्रकाशित मिति : २०८१।०४।२३**

यस गाउँपालिकाको लागि आ.व. ०८१।८२ मा आवश्यक पर्ने समान तथा खरिद गर्न सार्वजनिक खरिद ऐनको दफा ६ (क) तथा सार्वजनिक खरिद नियमावली २०६४ को नियम १८ मा भएको कानूनी व्यवस्था बमोजिम तपसिलको कार्य गर्न इच्छुक व्यक्ति, फर्म, संस्था वा कम्पनीले आ.व. २०७९/०८० को व्यवसायिक नविकरण भएको प्रमाण पत्र कर चुक्ता प्रमाण पत्र सहित स्थायी लेखा नम्बर र मुल्य अभिवृद्धि करमा दर्ता भएको प्रमाणपत्रको प्रतिलिपी सहित सार्वजनिक खरिद नियमावली २०६४ को अनुसुची २ (क) बमोजिमको ढाँचामा निवेदन दिनु हुन र आ.व. २०८०/०८१ मा यस कार्यालयमा सुचीकृत दर्ता गरेको तथा आ.व. २०८०/०८१ को व्यवसाय नविकरण भएको प्रमाण पत्र कर चुक्ता प्रमाण पत्र सहित स्थायी लेखा नम्बर र मुल्य अभिवृद्धि करमा दर्ता भएको प्रमाणपत्रको प्रतिलिपी संलग्न गरी यो सूचना प्रकाशित भएको मितिले १५ दिन भित्र नियमानुसार निवेदन दिनु हुन जानकारी गराईन्छ।

**तपसिल**

१. मसलन्द छपाई तथा कार्यालय सामान आपूर्ति
२. फर्निचर तथा फर्निशिंग सामान आपूर्ति तथा मर्मत सम्बन्धी कार्य
३. मेशिनरी औजार (कम्प्युटर, प्रिन्टर फोटोकोपी मेशिन आदी) तथा इलेक्ट्रिकल सामान आपूर्ति तथा मर्मत,
४. भवन मर्मत सम्भार निर्माण सम्बन्धी सेवा
५. कुरियर सेवा
६. प्रशासनिक विषय संग सम्बन्धी अध्ययन अनुसन्धान तथा विभिन्न विषय संग सम्बन्धि सफटवेयर निर्माण मर्मत तथा आपुर्ति र सुचना प्रविधि संग सम्बन्धी विभिन्न परामर्श सेवा
७. फलफुल विरुवा सप्लाई तथा बगैंचा व्यवस्थापन सम्बन्धी कार्य
८. स्वास्थ्य, पशु, कृषिजन्य औषधी तथा सर्जिकल उपकरणाहरु
९. खाजा, खाना, चिया, पानी आदि
१०. विज्ञापन प्रकासन सम्बन्धी
११. विभिन्न प्राविधिक विषयको सेवा आपूर्ति, सबै डिजाइन आदि
१२. इन्टरनेट सेवा
१३. पत्रपत्रिका आपूर्ति गर्ने काम
१४. इन्धन आपूर्ति गर्ने काम

# प्रधानमन्त्री ओलीसंग मुख्यमन्त्री सिंहको २२ बुँदे माग

**२२ बुँदामा समेटिएको पत्रमार्फत मुख्यमन्त्री सिंहले प्रदेश विकासमा दीर्घकालीन र सकारात्मक योगदान पुग्ने योजना प्रधानमन्त्री ओलीलाई बुझाएको छ ।**

**टुडे समाचारदाता**

जनकपुरधाम। मधेश प्रदेशका मुख्यमन्त्री सतीशकुमार सिंहले प्रधानमन्त्री केपी शर्मा ओलीसमक्ष मधेश विकासको २२ बुँदे माग राखेका छन्। प्रदेशको समुन्नतिका लागि मधेश सरकारले अघि सारेका कार्ययोजना कार्यान्वयनमा सहयोग गर्न मुख्यमन्त्री सिंहले प्रधानमन्त्री ओलीलाई आग्रह गरेका छन्।

२२ बुँदामा समेटिएको पत्रमार्फत मुख्यमन्त्री सिंहले प्रदेश विकासमा दीर्घकालीन र सकारात्मक योगदान पुग्ने योजना प्रधानमन्त्री ओलीलाई बुझाएको छ । जानकी मन्दिर विकास कोषको स्थापना तथा जानकी मन्दिर, राम मन्दिर प्रांगण सौन्दर्यीकरण, हुलाकी राजमार्गअन्तर्गत कमला पुललगायत अन्य पुल निर्माण कार्य पूरा गरी हुलाकी राजमार्गको कार्यको शीघ्र सम्पन्नता, निर्माणाधीन पूर्व-पश्चिम रेलमार्गको प्रदेशका प्रमुख सहरसंग सम्पर्कको व्यवस्था, जनकपुर जयनगर रेल्वे यातायात मालवाहक सेवाका लागि मालवाहक रेलको व्यवस्था हुनुपर्ने, जनकपुरधामस्थित १२ विघालाई व्यवस्थित गर्न आवश्यक पहल, मधेश प्रदेशका आठवटै जिल्लाहरू भारतीय नाकासँग जोडिएकोले पर्यटक भित्र्याउन पर्यटकीय करिडोर निर्माण हुनुपर्ने र कमला नदीको बगरमा बगरखेतीका लागि आवश्यक आधुनिक प्रविधि तथा स्रोतसाधनमा सहयोग गर्न मुख्यमन्त्रीले आग्रह गरेका छन्।



मुख्यमन्त्रीले बुझाएको मागपत्रमा भारतीय रेल नेटवर्कसँगजोडिएका दुईवटा सहर जनकपुरधाम र वीरगञ्जमा व्यापारका लागिआवश्यक स्रोत र साधनको प्रबन्ध, कृषि अनुदान कृषकको खातामा सिधै जानुपर्ने व्यवस्था, प्रदेशस्तरमा व्यापार तथा निर्यात केन्द्र सञ्चालन, बारा तथा पर्सामा औद्योगिक करिडोर कार्यान्वयन, हरेक जिल्लामा औद्योगिक क्षेत्र निर्मार्ण, मधेश प्रदेशमा आइटी पार्क निर्माण, वीरगन्ज ड्राई पोर्टको क्षमता अभिवृद्धि, लजिस्टिक कस्ट कम गर्न सिपिंग कम्पनी तथा पोर्ट अपरेटर दर्ता प्रक्रिया अघि बढाउनुपर्ने, कस्टम प्वाइन्ट डिएफ मनी एक्सचेन्ज काउन्टर, रेट डिस्प्ले, टुरिज्म इन्फरमेसन, भ्याट रिफन्ड सेन्टर, टिफ इजी रेस्टुरेन्ट आदिको व्यवस्था, भारतीय पर्यटकहरूलाई नगद ल्याउने सुविधा बढाएर दुई लाख भारतीय रुपैयाँ ल्याउन अनुमति दिनु पर्ने उल्लेख छ।

त्यस्तै भारतीय पर्यटकहरूले प्रयोग गर्ने भारतीय नम्बरको सवारीसाधनलाई दिइने इजाजतको सुविधा अनलाइनमार्फत गर्न आवश्यक व्यवस्था, ट्रेड एन्ड एक्सपोर्ट काउन्सिलका एकाइलाई प्रदेशस्तरमा कार्य गर्न आवश्यक व्यवस्था, श्रम अदालतको सेवा विस्तार, राजविराज विमानस्थलबाट माउन्टेन फ्लाइट १० मिनेट लाग्ने हुँदा माउन्टेन फ्लाइट सञ्चालन र जीटुजीमार्फत सिमेन्ट कम्पनीले भारतको मार्केटमा पहुँच पुर्‍याउन संघीय सरकारबाट आवश्यक पहल हुनुपर्ने मुख्यमन्त्री सिंहले प्रधानमन्त्री ओलीलाई बुझाएको २२ बुँदे माग पत्रमा उल्लेख रहेको छ।

# कार्यविधि उल्लंघन गरी अनुदान वितरण

**टुडे समाचारदाता**

जनकपुरधाम । मधेश प्रदेश सरकारको अर्थ मन्त्रालयले विशेष अनुदान र ससर्त अनुदानसम्बन्धी कार्यविधि उल्लंघ गरी रकम वितरण गरेको विशेष संसदीय छानबिन समितिको प्रतिवेदनमा उल्लेख गरिएको छ।

सो समितिले अर्थ मन्त्रालयले अनुदान वितरणमा तर्जुमा गरेको विशेष अनुदान र ससर्त अनुदानसम्बन्धी कार्यविधि उल्लंघन गरेको ठहर गरेको छ। सो समितिको प्रतिवेदनमा अर्थ मन्त्रालयले आर्थिक वर्ष २०७९/०८० मा स्थानीय तहलाई प्रदान गरेको ससर्त र विशेष अनुदान कार्यविधि उल्लंघन गरी मापदण्ड विपरीत रकमको सीमाभन्दा कम रकम विनियोजन गरेको जनाएको छ। कार्यविधि उल्लंघन गरी काम गर्दा आर्थिक सुशासन कमजोर हुने र प्रदेश सरकारको लगानीसमेत उपलब्धिमूलक नहुने प्रतिवेदनमा उल्लेख छ।

मधेश प्रदेश सभाको २०८० साल असार २६ गते बसेको ३१ औँ बैठकले मधेश प्रदेश सरकारको कार्यक्रम छानबिन गरी प्रदेश सभामा प्रतिवेदन पेस गर्ने गरी विशेष संसदीय छानबिन समिति २०८० गठन गरेको थियो। १० सदस्यीय सो समितिको पहिलो बैठकले प्रदेश सभा सदस्य उपेन्द्र महतोलाई समितिको संयोजकमा चयन गरिएको थयो।

सो समितिका संयोजक महतोले प्रदेश सभाको बैठकमा आइतबार पेस गरेको २२ पृष्ठको प्रतिवेदनमा अर्थ मन्त्रालयले निर्णय नै नगरी ससर्त अनुदानको रकम कतिपय स्थानीय तहमा पठाएको छ भने कतिपय स्थानीय तहलाई निर्णय गरेका योजनासमेत पठाएको छैन। त्यस्तै, अर्थ मन्त्रालयले आर्थिक वर्षको अन्तिम महिनामा समेत बजेट रकमान्तर गरेको भन्दै यसबाट सम्पादित कार्यको गुणस्तर नहुने र उपलब्धिसमेत संकटमा पर्ने सो प्रतिवेदन जनाएको छ।

त्यस्तै ससर्त अनुदान वितरणमा प्रदेश सरकारबाट स्थानीय तहलाई असन्तुलित रकम हस्तान्तरण गर्नुले वित्तीय संघीयता कमजोर हुनुका साथै प्रदेशका स्थानीय तहको सन्तुलित एवं समन्यायिक विकासमा बाधा पु-याउने ठहर गर्दै स्थानीय तहलाई ससर्त अनुदान हस्तान्तरण गर्दा प्रदेश वित्तीय हस्तान्तरण व्यवस्थापन ऐन २०७५ बमोजिम गराउन सो प्रतिवेदनमार्फत सुझाव दिएको छ।

अर्थ मन्त्रालयले कतिपय स्थानीय तहले पत्र पठाएर ससर्त अनुदान माग गर्दासमेत ससर्त अनुदान उपलब्ध नगराएको र अन्य स्थानीय तह/पालिकाले माग गरेको अनुदान कार्यक्रम/योजनाभन्दा भिन्न शीर्षकमा अनुदान गएकाले स्थानीय तहलाई सामान रूपले अनुदान दिन उपयुक्त हुने प्रतिवेदनमा उल्लेख गरिएको छ।

बाहिर गएर रकम खर्च हुने प्रवृत्ति बढ्नुका साथै रकमको सदुपयोग हुने सम्भावना न्यून रहेको सो प्रतिवेदनमा जनाएको छ। तत्कालीन उद्योग, पर्यटन तथा वन मन्त्रालयमा निजी सचिवालयको लेटर प्याड दुरुपयोग गरेर सोही पत्रको आधारमा मन्त्रालयले निर्णयसमेत गरेको पाइएको सो प्रतिवेदनमा उल्लेख छ।

सरकारी निर्णय प्रक्रिया सरलीकरण निर्देशिका, २०६५ को विपरीत अर्थ मन्त्रालयमा दर्ता नै नभइकन रकमान्तरसम्बन्धी निर्णय गर्नुका साथै दर्ता हुनुअघिको मितिमा नै निर्णयसमेत भएको प्रतिवेदनमा जनाएको छ। समितिले आर्थिक वर्ष २०७९/०८० को कार्यक्रम अन्तर्गत मधेश प्रदेश सरकार अर्थ मन्त्रालयले

> अर्थ मन्त्रालयले कतिपय स्थानीय तहले पत्र पठाएर ससर्त अनुदान माग गर्दासमेत ससर्त अनुदान उपलब्ध नगराएको र अन्य स्थानीय तह/पालिकाले माग गरेको अनुदान कार्यक्रम/योजनाभन्दा भिन्न शीर्षकमा अनुदान गएकाले स्थानीय तहलाई सामान रूपले अनुदान दिन उपयुक्त हुने प्रतिवेदनमा उल्लेख गरिएको छ ।

सो प्रतिवेदनमा आर्थिक वर्षको बीचमा नयाँ योजना तथा कार्यक्रम मन्त्रालयले स्वीकृत गरी थप बजेट माग गर्ने परिपाटी बजेटको सिद्धान्तविपरीत रहेको ठम्याउँदै संसदले अनुमति दिएको भन्दा फरक र नयाँ कार्यक्रम बजेट विनियोजन गर्नु कानुनी हिसाबले गलत रहेको हुँदा अति आवश्यक योजना तथा कार्यक्रम छनोट र बजेट विनियोजन गर्नुपर्दा प्रदेश सभाबाट स्वीकृत गराई कार्यान्वयन गराउनुपर्ने व्यवस्था रहे पनि सो नगरिएको देखिएको जनाएको छ।

त्यस्तै मन्त्रालयहरूले आफ्नो अधिकारभन्दा बाहिर गएर प्रतिष्ठान, आयोग र बोर्डहरूलाई रकम रकमान्तर गरी पठाएकाले सरकारको सञ्चित कोषबाट मधेश प्रदेशका स्थानीय तहलाई वितरण गरेको विभिन्न अनुदान र विभिन्न मन्त्रालय तथा निकायमा गरिएको रकमान्तरसम्बन्धी विषयको छानबिन गर्न समितिको अध्ययन कार्य क्षेत्र तोकिएको थियो।

सो समितिले प्रदेश सरकारका मन्त्रालय, निकायहरूले गरेको निर्णय, कागजातको अध्ययन, सम्बन्धित पदाधिकारी कर्मचारीसंगको सोधपुछ, प्रदेश लेखा नियन्त्रणको कार्यालयको आर्थिक वर्ष २०७९/०८० को कार्यक्रमसम्बन्धी सम्पूर्ण आर्थिक विवरणको अध्ययन, महालेखापरीक्षक कार्यालयको वार्षिक प्रतिवेदन, मन्त्रालयका मन्त्रीहरूसँग सोधपुछ गरेका आधारमा प्रतिवेदन तयार गरिएको समितिका संयोजक महतोले बताए।

# विधेयक पारित




**टुडे समाचारदाता**

जनकपुरधाम। मधेश प्रदेश सरकारले प्रदेशसभामा पेस गरेको स्थानीय सेवाको गठन, सञ्चालन र सेवाका सर्त सम्बन्धमा व्यवस्था गर्न बनेको विधेयक पारित गरेको छ।

मंगलबार बसेको प्रदेशसभाको दोस्रो बैठकबाट संशोधनकर्ता संशोधन प्रस्ताव फिर्ता लिएपछि विधेयक सर्वसम्मतिले पारित भएको सभामुख रामचन्द्र मण्डलले घोषणा गरेका छन्।

स्थानीय तहका कर्मचारीको हकमा प्रदेश सरकारले कानुन बनाउने संवैधानिक व्यवस्था बमोजिम विधेयक पारित भएको छ।

विधेयकमा उठेका विभिन्न जिज्ञासाका विषयमा मुख्यमन्त्री सतीशकुमार सिंहले जवाफ दिँदै विधेयकका विषयमा प्रदेशसभाका सदस्यले उठाउनुभएका विषय लोकसेवा आयोगको परामर्शमा नै राख्ने काम भएको र धेरै सुझाव विधेयकमा समेट्ने काम भएको जानकारी दिए।

यसअघि विधेयकको नाम, प्रस्तावनासहित दफा २ देखि १५९ सम्मका भाग पारित गरेर विधेयकको भाग बनेको जानकारी सभामुखले गराए।

# कृषि औजार कारखानाबारे अध्ययन गर्दै संघीय सरकार

**टुडे समाचारदाता**

वीरगञ्ज । कृषि तथा पशुपन्छी विकासमन्त्री रामनाथ अधिकारीले कृषि औजार कारखानाको विषयमा सरकारले गर्नसक्ने सहयोगबारे विस्तृत अध्ययन र छलफल गरेर आवश्यक निर्णय गर्ने बताएका छन्।

मन्त्री अधिकारीले मंगलबार कारखानाको स्थलगत अनुगमन गरेका छन्। उनले भने, "कारखानाको विषयमा आगामी दिनमा मन्त्रालयमा घनिभूत रूपमा छलफल गरेर के सहयोग गर्न सकिन्छ। सो विषयमा आवश्यक निर्णय गरिनेछ ।" उनले कृषि औजार कारखानाको विषयमा पर्याप्त जानकारी भए पछि मात्रै निर्णय गर्न सहज हुने धारणा राखे। राष्ट्रिय आविष्कार केन्द्रका अध्यक्ष महावीर पुन र कृषि औजार कारखाना वीरगन्जका इन्चार्ज तथा इन्जिनियर रितेश देवले केन्द्रले सञ्चालन र व्यवस्थापन गर्दै आएको कारखानाको विषयमा मन्त्री अधिकारीलाई जानकारी गराए।

केन्द्रका अध्यक्ष पुनले सरकारसंग हातेमालो गरेर अघि बढ्न चाहेको बताए । पुनले भने, "अहिलेसम्म जे जे भयो, सबै कुरा बिर्सिएर अब नयाँ सोच र ढंगबाट अघि बढ्न जरुरी छ," उनले भने,



"कृषि औजार कारखाना वीरगञ्जमा निकै पुराना खालका औजारका मेसिन छन् । त्यसैले अब आधुनिक मेसिन जडान गरेर साना खालका कृषि औजार उत्पादन गर्न आवश्यक छ ।" कृषि औजार कारखाना सञ्चालन समितिका संयोजक तथा वीरगन्ज भन्सार कार्यालयका प्रमुख भन्सार प्रशासक डिलाराम पन्थीले वि.सं.२०७९ भदौ ३१ गते बसेको मन्त्रिपरिषद्को बैठकले तीन दशकदेखि बन्द रहेको कृषि औजार कारखानाको व्यवस्थापन र सञ्चालन गर्न केन्द्रलाई १० वर्षका लागि उपलब्ध गराउने निर्णय गरेको बताए।

उनले भने, "केन्द्रले योजना निर्माण, जनशक्ति विकास र कृषि औजार उत्पादन तथा बजारीकरण गर्नेछ," उनले अघि थप्दैं भने, "कारखानाबाट उत्पादित सामग्री करपछिको रकम ५० प्रतिशत राष्ट्रिय आविष्कार केन्द्र कोष खडा गरी राखिनेछ भने बाँकी ५० प्रतिशत सरकारको राजस्व ढुकुटीमा जम्मा गर्नुपर्ने व्यवस्था छ ।" सरकारले वि.सं.२०७९ असोज ११ गते वीरगन्जस्थित कृषि औजार कारखाना राष्ट्रिय आविष्कार केन्द्रलाई सञ्चालन तथा व्यवस्थापनको जिम्मा दिएको थियो । तत्कालीन अर्थमन्त्री जनार्दन शर्माको उपस्थितिमा अर्थमन्त्रालयका तत्कालीन सहसचिव रमेश केसी र राष्ट्रिय आविष्कार केन्द्रका अध्यक्ष महावीर पुनले सम्झौतामा हस्ताक्षर गरेको थियो। केन्द्रले कारखाना जिम्मा लिएको २२ महिनामा करिब २० थरीका कृषि औजार तथा उपकरण तयार पारेको जनाएको छ।

केन्द्रले औपचारिक रूपमा वि.सं. २०७९ माघ महिनामा काम सुरु गरेको थियो। कृषि औजार कारखानाका इन्चार्ज रितेश देवले केन्द्रले छोटो अवधिमा कारखानामा रहेका पुराना तथा जीर्ण उपकरण मर्मतसम्भार गरी सञ्चालन गर्नसक्ने अवस्थामा ल्याएको बताए । केन्द्रका अध्यक्ष पुनले ३० वर्षदेखि बन्द कारखानालाई सञ्चालन गर्न आफ्नो आत्मवृत्तान्त 'महावीर पुन, सम्झना, सपना र अविरल यात्रा' नामक पुस्तक देशव्यापी रूपमा बिक्री गर्दै आएका छन्। अध्यक्ष पुनले हालसम्म एक लाख २० हजार पुस्तक बिक्री भइसकेको बताए। सो पुस्तक बिक्रीबाट दुई करोड रुपैयाँ कृषि कारखानामा खर्च भइसकेको पनि उनले बताए।

# काला कर्तुत लुकाउन अध्यक्षद्वारा लठैतको प्रयोग

**टुडे समाचारदाता**

राजविराज। सप्तरीको राजगढ गाउँपालिकाका अध्यक्ष ओमप्रकाश मण्डलले आफ्नो गल्ती लुकाउन रिपोर्टिङमा गएका पत्रकारहरुलाई थुन्नुका साथै लठैत लगाएर माइक खोस्दै दुर्व्यवहार गरेका छन्।

गैरकानुनीरुपमा गरिएको गाउँसभा रद्द गरी पुनः अर्को गाउँसभाको माग गर्दै आन्दोलनरत जनप्रतिनिधि र स्थानीयले मंगलबार पालिका अध्यक्ष मण्डललाई ज्ञापनपत्र बुझाउने कार्यक्रम रहेको थियो।

सो समाचार संकलनमा गएका पत्रकारहरुमाथि अध्यक्ष मण्डल तथा उनका लठैतले अभद्र व्यवहार गरेका छन्। रिपोर्टिङ गरिरहेका बेला कान्तिपुर टिभिका सप्तरी संवाददाता आरएन विश्वासको क्यामराको माइक अध्यक्ष मण्डलसहितका टोलीले खोसेका थिए। सो क्रममा राजविराज दैनिकका समाचार संयोजक नवीनकुमार गुप्ता र नेपाल समाचारपत्रका संवाददाता विद्यानन्द रामको मोबाइल खोस्ने प्रयास गर्नुका



साथै ढोका लगाएर अभद्र व्यवहार समेत गरिएको थियो । विश्वास पत्रकार महासंघ सप्तरीका सचिव हुन भने गुप्ता र राम भने क्रमशः कोषाध्यक्ष र सदस्य छन्।

नेपाल पत्रकार महासंघ सप्तरीका सचिव समेत रहेका पत्रकार विश्वासले आफ्नो कालो करतुत सार्वजनिक हुने भयले अध्यक्ष मण्डलले लठैत समेतको प्रयोग गरि आफूहरुलाई तर्साउन खोजेको बताए । उनले अध्यक्ष मण्डलका साथै उनीसँगै आएका जितेन्द्र मण्डल, संजिव मण्डल, रामबिलास यादव, रामअवतार मण्डल र घन्सी मण्डल लगायत ८ देखि १० जनाले आफूहरुसँग दुर्व्यहार गरेको बताए।

दुर्व्यहार गर्ने मध्येका रामबिलास यादव सो पालिकाको स्टोर शाखाका इन्चार्ज हुन्।

यता नेपाल पत्रकार महासंघ सप्तरीले एक प्रेस विज्ञप्ति मार्फत सो घटनाको घोर भर्त्सना गर्दै दोषि माथि कडा कारबाहीको माग गरेको छ । महासंघका सभापति श्रवणकुमार देवद्वारा जारी विज्ञप्तिमा सार्वजनिक ओहदामा पुगेपछि त्यसको मर्यादा राख्नु जो सुकैको पदीय दायित्व हुने भन्दै यसमा अध्यक्ष मण्डल चुकेको र तानाशाही व्यवहार देखाएको उल्लेख छ।

अध्यक्ष जस्तो पदमा बसेका व्यक्तिले कानुनले बन्देज गरेको कार्य गरेको भन्दै पालिकामा लगाइएको सिसि टिभि फुटेज तथा अन्य प्रत्यक्षदर्शीको बयानको आधारमा अनुसन्धान अघि बढाई दोषिमाथी अविलम्ब कारवाही गर्न समेत प्रेस विज्ञप्तिमार्फत माग गरिएको छ।

# खेतमा शव फेला

**टुडे समाचारदाता**

राजविराज। सप्तरीको छिन्नमस्ता गाउँपालिका- १ स्थित बरही वीरपुरको खेतमा एकजना मृत अवस्थामा फेला परेको छ।

बरही वीरपुरमा मंगलबार निरज इटाभट्टास्थित चोकमा सिरहाको लहान नगरपालिकाका ४५ वर्षीय पवन कुमार कर्ण मृत अवस्थामा फेला परेका छन्। उनको शव घोप्टो परेको अवस्थामा फेला परेको सप्तरी प्रहरीले जनाएको छ।

घटनास्थल नजिकै रहेको निरज इटाभट्टामा मुन्सी पदमा कार्यरत्त रहेका कर्णको शव पोष्टमार्टमका लागि गजेन्द्र नारायण सिंह अस्पताल राखिएको र सो घटनाबारे थप अनुसन्धान भइरहेको प्रहरी उपरीक्षक



गजुसिद्धि बज्राचार्यले बताए।

केही दिन यता सो इटाभट्टा बन्द अवस्थामा छ। मृतकको शरीरमा कुनै बाहिरी चोट देखिएको छैन।

गएराती वर्षा भइरहेको र अत्यधिक मदिरा सेवन गरी खेतको बाटो हुँदै इटाभट्टा फर्किने क्रममा चिप्लिएर खेतमा लडेको हुन सक्ने प्रारम्भिक अनुमान प्रहरीको छ। यद्यपि पोष्टमार्टम रिपोर्ट आएपछि मात्र घटना बारे सत्यतथ्य बाहिर आउने उनको भनाइ छ।

# राजगढ गाउँपालिकामा विभिन्न ८ बुंदे माग अघि सार्दै प्रदर्शन

**टुडे समाचारदाता**

राजविराज । सप्तरीको राजगढ गाउँपालिकामा भएको गाउँसभामा बहुमत नै नपुर्‍याई गरिएको गाउँसभा रद्द गर्न माग गर्दै पालिकामा प्रदर्शन गरिएको छ।

जनप्रतिनिधि तथा स्थानीयहरुको अगुवाईमा विभिन्न ८ बुँदे माग गर्दै मंगलबार गाउँपालिकामा प्रदर्शन गरेका छन्।

उनीहरुले विधि विधान मिचेर गरिएको गाउँसभा रद्द गरी पुनः नयाँ मिति तोकेर अर्को गाउँसभा गर्न माग गर्दै पालिका अध्यक्ष ओमप्रकाश मण्डललाई ज्ञापनपत्र समेत बुझाएका छन्।

तीन दिन अघि राजविराजमा पनि प्रर्दशन गर्दै स्थानीय प्रहरी प्रशासन प्रमुखलाई ज्ञापनपत्र बुझाएका थिए।

सो पालिका वडा नं. ५ का वडाअध्यक्ष ७३ वर्षीय दुःखिलाल



भन्ने देवेन्द्र प्रसाद साहको नेतृत्वमा पुगेको अन्य जनप्रतिनीधी तथा गाउँलेहरुले हस्ताक्षरसहित पालिका अध्यक्ष मण्डललाई ज्ञापनपत्र बुझाएका छन्।

सो ज्ञापनपत्र मार्फत गत साउन १० गते सम्पन्न पालिकाको १३ औं गाउँसभा ऐन कानुन विपरित भएको दाबी सहित सो गाँउसभाबाट पारित निर्णयहरु यथास्थितिमा राखी गाउँसभा बदर तथा अर्को नयाँ मिति तोकेर पुनः गाउँसभा गर्नुपर्ने माग अघि सारिएको छ।

सो ज्ञापनपत्रमा गाउँपालिकाका अध्यक्ष ओम प्रकाश मण्डलले स्थानीय सरकार संचालन ऐन २०७४ को परिच्छेद ९ को दफा ६५ र दफा ६७ बमोजिम समितिबाट निर्णय नै नगराई मनपरी र एक पक्षिय ढंगले गाउँसभा गरेकाले सो बदर नगरिए चरणवद्ध आन्दोलनमा जाने चेतावनी समेत दिइएको छ।

गाउँसभामा कुल ३४ जना कार्यपालिका सदस्य रहेकोमा १ जनाको निधन भई हाल ३३ जना सदस्य कायम छन्। जस मध्ये १७ जनाले गत साउन १० गते सम्पन्न गाउँसभालाई अवैधानिक भन्दै ज्ञापनपत्रमा हस्ताक्षर गरी अर्को गाउँसभा गर्नु पर्ने माग गरेका छन्।

त्यस्तै सो ज्ञापनपत्रमार्फत पालिकाको ०७९/०८० र ०८०/०८१ को आय-व्यय तथा लेखा परिक्षण प्रतिवेदन सार्वजनिक गर्नु पर्ने, पालिकामा कार्यरत कर्मचारीको विवरण उपलब्ध गराउनु पर्ने, पालिकाकाको आफ्नै एउटा स्कारपियो हुँदा हुँदै थप २ वटा स्कारपियो गाडी भाडामा लिनुको कारण खुलाउनु पर्ने तथा करार पदमा नियुक्त भएका स्वयसेवक शिक्षक तथा प्रशासनिक सहायक पदका कर्मचारीहरुले लामो समय देखी नपाएको तलब सुविधा यथासिघ्र उपलब्ध गराउनु पर्ने लगायतका माग पनि अघि सारिएको छ।

टोलीमा सहभागी स्थानीय समाजसेवी रामकान्त यादवका अनुसार आफुहरुले अघि सारेको जायज मागहरु उपर तत्काल सम्बोधनको पहल नभए साउन ३० गतेदेखि दोश्रो चरणको आन्दोलनका कार्यक्रम सार्वजनिक गरेको छ।

साउन ३० गतेदेखि गाउँपालिकाको कार्यालय अगाडि धर्ना, भदौं २ गते पालिकामा तालाबन्दी तथा भदौं ५ गतेदेखि लगातार नाराजुलुस र प्रदर्शन गर्ने प्रदर्शनकारी तथा असन्तुष्ट जनप्रतिनिधिले जनाएको छ।

जनकपुर टुडे मिडिया ग्रुप प्रा.लि.द्वारा प्रकाशित प्रधान सम्पादक : बृजकुमार यादव, ठेगाना : जनकपुरधाम, फोन नं. ०४१-५९११०१, E-mail : jtodaynews@gmail.com, jtodayad@gmail.com, Website : www.ejanakpurtoday.com, जि.प्र.का.ध.द.नं. ९१/०५७/५८